हरियो वन कार्यक्रम









# सुन्दर सफलता

## समुदाय र जैविक विविधताका हरित परिवर्तनका कथाहरुः भाग १



USAID
FROM THE AMERICAN PEOPLE

WWF

care

## प्रकाशन श्रेय

© डब्लुडब्लुएफ नेपाल

यस पुस्तकको पूर्ण वा आंशिक भागको पुनरुत्पादन गरिएमा शीर्षक उल्लेख गरिनुपर्ने छ र माथि उल्लेखित प्रकाशकलाई सर्वाधिकारको श्रेय दिइनुपर्ने छ ।

**प्रकाशक**

डब्लुडब्लुएफ नेपाल, पोस्ट बक्स नं ७६६०

बालुवाटार, काठमाडौं, नेपाल

फोन: ४४३४८२०, इमेल: info@wwfnepal.org

वेबसाइट: www.wwfnepal.org/hariyobanprogram

***तस्वीर:*** *डब्लुडब्लुएफ नेपाल, हरियो वन कार्यक्रम/नविन बराल*

***डिस्क्लेमर:***

*यो पुस्तक अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु लेखकको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।*

**प्रकाशन सेवा**

लेखन: तोया गौतम

आवरण तथा सज्जा: प्रिज्मार्क मार्केटिङ्ग

**हरियो वन प्रकाशन संख्या:** सफलताका कथा ०४१

हरियो वन कार्यक्रम



# सुन्दर सफलता

## समुदाय र जैविक विविधताका हरित परिवर्तनका कथाहरुः भाग १



# विषय सूची


**शुभकामना मन्तव्य** — क
**प्राक्कथन** — ख
**हरियो वन कार्यक्रम** — ग
टिकौलीको सौन्दर्यमा टिकेको पर्यटन — २
पहिलो नमुना बायोग्याँस गाँउः कुमरोज — ६
घट्दैछ मानव-वन्यजन्तु द्वन्द्व — १०
डढेलो नियन्त्रणमा निडर कदम — १४
महिला सक्रियता र उद्यमले मौलाएको वन — १८
आमडाँडालाई बदल्दै अम्रिसो — २२
नमुना हरित गाउँः फारम टोल — २६
सीपले आत्मनिर्भर विशालनगर — ३०
प्रभावकारी कार्यान्वयनका लागि कुशल अनुगमन — ३४
तिलकुमारीले दिदी-बहिनीलाई बनाइन् आत्मविश्वासी — ३८
वन संरक्षणमा सामुहिक एकता — ४२
कार्यक्रमले ल्यायो सुखद परिवर्तन — ४६
जलवायु अनुकूलनतर्फ अग्रसर गोदाना — ५०
सुधारिएको चुलोले सपारिएको जीवन — ५४
महिला सक्रियताले बदलियो गाउँ — ५८
घार्मीमा फैलिँदै अदुवा खेती — ६२
वातावरणीय समस्यासँग जुध्दै, सिक्दै र जान्ने हुँदै — ६६
पात टिप्दै, पैसा कमाउँदै — ७०

# शुभकामना मन्तव्य

नेपालमा वातावरण संरक्षण र सामुदायिक विकासका लागि दत्तचित्त रहेका थुप्रै संस्था र कार्यक्रम भएता पनि अमेरिकी विकास नियोग (युएसएड) को आर्थिक सहयोगमा संचालन गरिएको हरियो वन कार्यक्रम अरू भन्दा भिन्न छ । यसले वातावरण संरक्षणका लागि मात्र प्रयास गर्दैन, त्यो वातावरणका अभिन्न अङ्ग स्थानीय समुदायको जीविका एवं जीवनस्तरोन्नतिमा पनि उत्तिकै ध्यान दिने गर्दछ । यसर्थमा यो मानव समुदाय र वातावरण संरक्षणका लागि संचालन गरिएको कल्याणकारी कार्यक्रम हो ।

सन् २०११ मा शुभारम्भ भएको यस कार्यक्रमले जैविक विविधताको संरक्षण गर्न तथा जलवायु परिवर्तनबाट पर्न जाने नकारात्मक असरको न्युनीकरण गरी वातावरण र मानव समुदायको रक्षा गर्ने कार्यलाई आफ्नो प्रमुख लक्ष्यका रूपमा लिएको छ । हालसम्म यस कार्यक्रमले समुदायलाई जैविक विविधताको संरक्षण, हरित गृह ग्याँसको उत्सर्जन, बदलिँदो जलवायुसँगको अनुकूलन र प्राकृतिक स्रोतको व्यवस्थापनमा सहयोग गरेर करीब चार लाख वातावरण प्रेमी स्थानीय व्यक्तिलाई मद्दत गर्न सफल भएको छ । परिवर्तित जलवायुको परिप्रेक्ष्यमा नेपालका सबैभन्दा विपन्न र जोखिममा रहेका समुदायको जीवनलाई सहज बनाउनु र नेपालको वन तथा विशिष्ट जैविक विविधतामा पर्नसक्ने सम्भावित जोखिमको न्युनीकरण गर्नु नै युएसएडको आर्थिक सहयोगमा संचालन गरिएको यस हरियो वन कार्यक्रमको प्रमुख अभिष्ट रहेको छ ।

कार्यक्रम संचालन भएको तीनवर्ष नपुग्दै हरियो वन कार्यक्रमद्वारा कार्यान्वयन भएका स्थानमा उदाहरणीय नतीजा देखिन थालेका छन । यिनै नतीजालाई समेटेर यी सफलताका कथाहरू तयार भएका छन् तर हरियो वन कार्यक्रमका यी मात्र सफलताका कथा होइनन् । यिनमा अनेक शिक्षा र सिकाइ छन्, जसले आगामी दिनमा नेपाल र समस्त विश्वमा संचालित यो र यो जस्तै अन्य कार्यक्रमलाई परिमार्जन गर्दै लान सहयोग गर्नेछन् । त्यसका साथै यस कार्यक्रमले दुरगामी सोचले कार्यान्वयन गरेका क्रियाकलापले आगामी दिनमा वातावरण र समुदायमा महत्वपूर्ण र दिगो सकारात्मक परिवर्तन देखाउने नै छन् । ती सबै परिवर्तनको पनि यस्तैगरी दस्तावेज बनाइनेमा म विश्वस्त छु ।

यस सङ्ग्रहमा सम्मिलित घटना अध्ययन र कथाहरू निक्कै मिहिनेतका साथ तयार पारिएका छन् । यसमा प्रयुक्त सम्पूर्ण पात्र र परिवेश घतलाग्दा छन् र नेपालका विभिन्न क्षेत्रको वास्तविक चित्रण गर्दछन् । जलवायु परिवर्तन अनुकूलनको प्रयासमा रहेका समुदाय, जीविकोपार्जनका नयाँ बाटा पत्ता लगाउँदै गरेका महिला, सुधारिएको चुलोले गर्दा सहज रूपमा लामो र खुल्ला सास फेरिरहेका आमाहरू, सौर्य उर्जाको सहयोगमा पहिलोपल्ट आफ्नै बारीमा तरकारी फलाउँदै गरेका गरिवीको चपेटावाट मुक्त परिवार, चोरी शिकारी नियन्त्रणमा डटेर लागेका युवा, वन व्यवस्थापनमा नेतृत्वदायी भुमिका खेल्दै गरेका दिदी-बहिनी – हरेक कथाको आफ्नै विशेषता र सौन्दर्य छन् । यी विशेष घटनालाई समाविष्ट गरी यो सङ्ग्रह तयार गर्न दिलोज्यान लगिपर्नु भएका हरियो वन कार्यक्रमका सम्पूर्ण संस्थाहरू, नेपाल सरकारको वन तथा भूसंरक्षण मन्त्रालय र त्यस अन्तर्गतका विभाग र कार्यालयहरू, डब्लुडब्लुएफ नेपाल, केएर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, राष्ट्रिय प्रकृति संरक्षण कोष, र स्थानीय सामुदायिक संगठनमा क्रियाशिल समस्त जोशिला र कर्मठ सहयात्री र सहयोगीहरू प्रति हार्दिक कृतज्ञता र धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**नेत्र नारायण शर्मा सापकोटा**
प्राकृतिक श्रोत व्यवस्थापन तथा जलवायु परिवर्तन कार्यक्रम विशेषज्ञ
युएसएड नेपाल

# प्राक्कथन

हामीले भर्खरै हरियो वन कार्यक्रमको चौथो वर्षमा प्रवेश गरेका छौँ, र यो निकै उत्साहजनक समय हो । विगत तीन वर्षमा गरिएको अथक मिहिनेतको परिणाम देखा पर्न थालेको छ – र यी परिणामलाई समेटेर राख्नु पर्ने बेला आएको छ । यस सङ्ग्रहमा सम्मिलित कथा हामीले वातावरण र व्यक्तिहरूको जीवनमा परिवर्तन ल्याउनका लागि गरेको सहयोगका एक झल्को हुन् ।

यी कथा हरियो वन कार्यक्रमका तीन मुख्य सम्भाग तथा तीन अर्न्तसम्बन्धित मुद्दाबाट लिइएका हुन् । यिनले जैविक विविधतालाई जोगाउन, जलवायु परिवर्तनसँग आफुलाई अनुकूलित तुल्याउन र पछि सम्मका लागि प्राकृतिक स्रोत र सेवालाई व्यवस्थित रूपले समायोजन गर्न मिलिजुली अघि बढीरहेको समुदायको उदाहरण दिन्छन् । यी समुदायले वातावरणलाई सहयोग गर्दा आफ्नै जीवनस्तर पनि उकासिरहेका छन् । कार्यक्रमले यी वन स्रोतमा आश्रित व्यक्तिहरूलाई सामुदायिक वनको अवस्था सपार्न, महिला र पछाडि परेका समुदायका लागि एउटा मञ्च खडा गर्न र नयाँ सीप सिकेर वा हरित उद्योगहरूमा भाग लिएर आर्थिक र सामाजिक अवस्था सुधार्न सघाइरहेको छ । तर यी कथाले हाम्रो कार्यक्षेत्रमा देखा परेका परिवर्तनलाई मात्र देखाउँदैनन्, यिनले अन्य ठाउँ र परिस्थितिमा पनि दोहोऱ्याउन सकिने उत्कृष्ट अभ्यास, प्रक्रिया र प्रतिफलको पनि दस्तावेज राख्दछन् । हामीले क्रियाकलापलाई लागु गर्दा भोगेका चुनौती, र यसबाट पाएका सिकाइले पनि कथामा स्थान पाएका छन् । यी घटना अध्ययन र विवरणको पहिलो सङ्कलन पढ्न पाउँदा म अत्यन्त खुशी छु, र भविष्यमा अन्य थुप्रै यस्तै सङ्ग्रहको अपेक्षा गर्दछु ।

यस सङ्ग्रहको प्रकाशनमा संलग्न सम्पूर्ण व्यक्ति तथा संस्थाको सहयोग र योगदानको म कदर गर्न चाहन्छु । यी कथालाई धैर्यपुर्वक छानबिन गरेर प्रस्तुत गरिदिनु भएकोमा तोया गौतमलाई र कथालाई साथ दिन सुन्दर तस्वीर खिच्नु भएकोमा नविन बराललाई धन्यवाद दिन चाहन्छु । यस सङ्कलनको परिकल्पनाका लागि डा. राजेन्द्र लामिछाने, अनुगमन तथा मूल्याङ्कन विशेषज्ञलाई बधाई दिन चाहन्छु । त्यसैगरी यिनको दस्तावेजीकरणमा महत्वपूर्ण भूमिका खेल्ने डा. लामिछाने लगायत अनुगमन तथा मूल्याङ्कन सहायक अनिता अधिकारी र यस शाखाका सम्पूर्ण सहकर्मीलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । यसको प्रकाशन सेवाका लागि संचार अधिकृत ऋचा भट्टराई एवं संचार सहायक ज्योति श्रेष्ठले धन्यवादका पात्र हुनुहुन्छ ।

त्यसैगरी घटना अध्ययनको यो पहिलो सङ्कलनमा शुरूवात देखि अन्त्य सम्म साथै रही यसको सहजीकरणमा अमूल्य योगदान दिनुहुने डब्लुडब्लुएफ नेपाल, केएर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोषका सबै प्रतिनिधिप्रति हार्दिक आभार व्यक्त गर्दछु । वहाँहरूको अथक परिश्रमले नै यो कृतिको प्रकाशन सम्भव भएको हो । कथाको लागि मुद्दा तयार पार्ने देखि लिएर जानकारी सङ्कलन गर्ने र कथाको समीक्षा गरी यसलाई अन्तिम स्वरूप दिने काम वहाँहरूले नै गर्नुभएको हो । सबै कथालाई आफ्नो समय दिएर समीक्षा गरिदिनुभएकोमा म विशेष धन्यवाद दिन चाहन्छु – डा. शान्तराज ज्ञवाली, जैविक विविधता संयोजक; डा. सुनिल रेग्मी, जलवायु परिवर्तन संयोजक; केशव खनाल, दिगो भू-परिधि व्यवस्थापन संयोजक; शिखा श्रेष्ठ, लैङ्गिक तथा सामाजिक समावेशीकरण संयोजक; जगदीश कुँइकेल, जीविकोपार्जन संयोजक; एवं डब्लुडब्लुएफ नेपालकी ज्ञान व्यवस्थापन विशेषज्ञ प्रजुना केसी । हरियो वनलाई आर्थिक सहयोग प्रदान गर्ने अमेरिकी विकास नियोग (युएसएड) प्रति हामी हार्दिक आभार प्रकट गदैछौँ । यसैगरी सदा हामीलाई प्रोत्साहित गर्नुहुने युएसएडका प्राकृतिक श्रोत व्यवस्थापन तथा जलवायु परिवर्तन कार्यक्रम विशेषज्ञ नेत्र नारायण शर्मा सापकोटा प्रति पनि हामी कृतज्ञ छौँ ।

अन्त्यमा, म यस कार्यक्रमका सबैभन्दा महत्वपूर्ण अङ्गको योगदानको कदर गर्न चाहन्छु – सामुदायिक वन उपभोक्ता संघहरू (सा.व.उ.स.), प्राकृतिक श्रोत व्यवस्थापन समुहहरू, स्थानीय समुदायका सदस्यहरू, नागरिक वैज्ञानिकहरू तथा सरकारी एवं गैरसरकारी निकायका कर्मचारीहरू । वहाँहरूको साथ, सहयोग एवं प्रतिबद्धताले नै यी कथा सम्भव भएका हुन् । वहाँहरूले नेपालका वासिन्दा र यसका वनको अवस्थामा वास्तविक सकारात्मक परिवर्तन ल्याउनुभएको छ ।

**जुडी ओगलथोप**
चिफ अफ पार्टी
हरियो वन कार्यक्रम

# हरियो वन कार्यक्रम

हरियो वन कार्यक्रमको शुरूवात जैविक विविधता संरक्षणमा सहयोग र नेपालको जलवायु जोखिमता न्युनीकरण गरी यहाँका समुदायको वर्तमान र भविष्यलाई सहज बनाउने दूरगामी सोचका साथ भएको हो । अमेरिकी विकास नियोग (युएसएड) द्वारा आर्थिक सहयोग प्रदान गरिएको यो पञ्चवर्षीय कार्यक्रम डब्लुडब्लुएफ नेपालको प्रमुख साझेदारीमा केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषको सहकार्यमा सन् २०११ देखि कार्यान्वयन गरिएको हो ।


यस कार्यक्रमको कार्यक्षेत्र दुई भू-परिधिमा बाँडिएका छन् – नेपालको मध्यमाञ्चलदेखि सुदूर पश्चिमसम्म फैलिएको तराई भू-परिधि (ताल) र सात प्रमुख उपजलाधार क्षेत्र रहेको चितवन-अन्नपूर्ण भू-परिधि (चाल) ।

हालसम्म हरियो वनले यी दुई भूभागका २६ जिल्लामा तीन प्रमुख अर्न्तविषयक सम्भागमा काम गरेको छ : जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकूलन र वनविनाश र वनक्षयीकरण नियन्त्रणको माध्यमबाट कार्बन उत्सर्जन कटौती (रेड प्लस) सम्मिलित पारिस्थितिकीय सेवाको भुक्तानी । वातावरणका साथ साथै मानव समुदायलाई पनि उत्तिकै फाइदा पुऱ्याउन कार्यक्रमले तीन अर्न्तसम्बन्धित मुद्दालाई पनि सम्बोधन गर्दछ : सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र दिगो जीविकोपार्जन ।

शुरूवात भएको तीन वर्ष पश्चात कार्यक्रमको कार्यान्वयनका प्रतिफल देखिन थालेका छन् । यस कार्यक्रमले शुरूवाती चरणमा गरेका अध्ययन-अनुसन्धान तथा क्षमता अभिवृद्धिले यसका लागि आधार शीला खडा गर्न सहयोग गरेका छन् । त्यसैगरी विभिन्न चरण र तहमा तयार पारिएका जलवायु संकटासन्नता आँकलन र अनुकूलन योजनाले जलवायु परिवर्तन सम्भागको भावी दिशा निर्धारण गर्न सहयोग गरेका छन् । यसपछि चारैवटा साझेदार संस्थाले मिलेर तीव्र रूपमा कार्यान्वयन गरेका कार्यक्रमका क्रियाकलापले अहिले प्रतिफल र सिकाइ उत्पादन गर्न थालेका छन् ।

यिनै क्रियाकलापबाट देखा परेका शुरूवाती परिणाम र हामीले तीनबाट सिकेको पाठलाई यस सङ्ग्रहमा सम्मिलित गरिएको छ । आफ्ना कामको सिलसिलामा सिकिएका पाठलाई ध्यान दिँदै आगामी वर्षमा कार्यान्वयनका सफल विधिलाई अझ व्यापक रूपमा दोहोऱ्याउन हरियो वन कार्यक्रम प्रतिबद्ध छ ।

## संक्षिप्त परिचय



घटना-अध्ययन इकाई :
टिकौली ताल, चितवन

साझेदार संस्था :
डब्लुडब्लुएफ नेपाल, तराई भू-परिधि कार्यक्रम

स्थानीय साझेदार :
टिकौली मध्यवर्ती सा.व.उ.स., चितवन

घटना-अध्ययन मिति :
चैत १९, २०७० (अप्रिल २, २०१४)



# टिकौलीको सौन्दर्यमा टिकेको पर्यटन

तालबाट किनाराको प्वालतिर भर्खरै केही चिज घस्रिएर गएको डोब देखाउँदै टिकौली मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका कर्मचारी कृष्णप्रसाद आचार्यले बताए, "यस्ता प्वाल गोहीले बस्नका लागि बनाएका हुन् ।" उनका अनुसार टिकौली तालमा आजकल मगर जातका एक दर्जनभन्दा बढी गोहीहरू छन् ।

कृष्णप्रसादले गोहीको प्वालभित्र चियाउँदै गर्दा नजिकैको रूखबाट एउटा सानो माटिकोरेले तालको पानीमा एक्कासी झम्टा मार्‍यो र माछा टिपेर उड्यो । कृष्णप्रसादले तालको किनारामा खसेको माछा देखाउँदै भने, "यो चाहिं चराले राम्रोसँग च्याप्न नसकेर खसेको माछा हो ।" नजिकैको आधाजसो सुकेको रूखमा एकहुल ठूल्ठूला चराहरू बसिरहेका थिए । गोहीका प्वालहरूलाई त्यत्तिकै छाडेर किनारै किनार अघि बढ्दा थुप्रै रंगीबिरंगी पुतलीहरू पनि भेटिए । चितवन राष्ट्रिय निकुञ्जसँगै जोडिएको यस मध्यवर्ती सामुदायिक वनका अध्यक्ष बुद्धिमान विश्वकर्माले भने झैं यो ताल सुषुप्त नभई निरन्तर केही जैविक क्रियाकलापहरू भइरहेको अर्थात् 'साँच्चै सक्रिय ताल' देखिन्थ्यो ।

अध्यक्ष बुद्धिमानका अनुसार यो ठाउँ पहिले ताल नभई सामान्य धाप-क्षेत्र थियो । २०६२ सालमा तराई भू-परिधि कार्यक्रम, राष्ट्रिय प्रकृति संरक्षण कोष, मृगकुञ्ज र स्थानीय निकायको सहयोगमा स्थानीय वन उपभोक्ता समूहले बाँध बाँधेपछि धापमा पानी त जम्मा हुनथाल्यो तर जलकुम्भी, कमल झार र सिँगडा झारहरूले ढाकेकाले यसले अहिलेको जस्तो रूप लिन सकेन । २०६८ सालमा हरियो वन कार्यक्रमले पहिलो वर्षमै तालको सरसफाइका लागि ६० हजार रूपैयाँ उपलब्ध गराएपछि स्थानीय उपभोक्ताहरू पनि कोदालो, खुर्पा र डोरीहरू बोकेर जम्मा भए । सरसफाइका लागि केही कामदारहरू ज्यालामा पनि प्रयोग गरियो । २०६८ सालको दशैंको ठीक अगाडि एक हप्तासम्म पालैपालो दिनहुँ करिब ५० जना स्थानीय उपभोक्ताहरूले भिडेर सरसफाइ गरेपछि तालले अहिलेको रूप लिएको हो ।

बुद्धिमानले बताए, "ताल सफा भएपछि त्यहाँ माछाका भुराहरू पनि हालियो । त्यसैले गर्दा तालमा गोही र चराहरू बढेका हुन् । तालको वरपर रूख-बिरूवाहरू पनि घना छन् । कृष्णप्रसाद रूखहरूतिर देखाउँदै थप्छन्, "यी रूखहरूमा गएको साल जेठ-असारदेखि कार्तिकसम्म घुंगीफोर गरूड जातको चराका पाँचसय भन्दा बढी गुँडहरू थिए । कछुवा र ओतहरू पनि छन् । यस क्षेत्रमा अजिङ्गर र विभिन्न खाले सर्पहरू पनि पाइन्छन् ।" तालमा पानी पिउन थुप्रै चित्तल र अरूखाले मृगहरू पनि आउने र कहिलेकाहीं त बाघ पनि देखिने गरेको रहेछ ।

चितवन जिल्लाको रत्ननगर नगरपालिकामा पर्ने यो ताल प्रसिद्ध बीस हजारी ताल जाने बाटोबाटै देखिन्छ । सुन्दर ताल देखेपछि त मन अडिने कुरै भएन । तालको किनारामा रमिता हेर्दै मानिसहरू घुम्ने क्रम शुरू भइसकेको छ । अध्यक्ष बुद्धिमान भन्छन्, "पहिले खासै वास्ता नगरिने यस ठाउँमा अहिले चाहिं पर्यटकहरूले पनि तालको बारेमा थाहा पाउनासाथै घुम्ने इच्छा गर्छन् ।" उनकै अनुसार आजकल यस तालक्षेत्रमा आउने स्वदेशी र भारतीय पर्यटकहरूको संख्या निकै बढेको छ । अलिअलि अरू देशबाट



हरियो वन कार्यक्रमको सहयोगमा तराई भू-परिधिका बारा, कैलाली, चितवन र नवलपरासी जिल्लाका सिमसार क्षेत्रको व्यवस्थापन भएको छ । यसले गर्दा चौध वटा सिमसार क्षेत्रको अवस्था निकै सुधारिएको छ ।



आउने पर्यटकहरू पनि बढ्दैछन् । बुद्धिमान थप्छन्, "यस ताललाई हामी एउटा राम्रो पर्या-पर्यटकीय गन्तव्यको रूपमा विकास गर्दैछौं । यसले यहाँको आर्थिक उन्नतिमा पनि सघाउने विश्वास छ ।"

अहिलेकै जस्तो सरसफाइ र संरक्षण भइरहने हो भने बुद्धिमानले भने झैं विश्वकै प्रशिद्ध रामसार क्षेत्रमा पर्ने बीसहजारी तालतिर घुम्न आउने पर्यटकहरूका लागि पनि यो एउटा उपयुक्त पर्या-पर्यटन गन्तव्य हुनसक्छ । यसको वातावरणीय प्रभाव पनि महत्वपूर्ण छः टिकौली तालको व्यवस्थापनले तल्लो तटीय क्षेत्रको सिमसारलाई बचाउन र सो क्षेत्रलाई सफा पानी उपलब्ध गर्न पनि सहयोग गर्छ ।

यस क्षेत्रमा टिकौली मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले पहिलेदेखि नै साइकल, मोटरसाइकल चढेर वा पैदलै आउने विदेशी पर्यटकहरूबाट प्रतिव्यक्ति १०० रूपैयाँ एवम् सानो गाडी र मिनीबसमा आउने जोसुकै भएपनि प्रतिसवारी साधन क्रमशः ५०० र ७०० रूपैयाँ शुल्क लिने गरेको छ । संकलित रकम ताल तथा वनको संरक्षण र चोरी शिकारी नियन्त्रणका लागि प्रयोग भइरहेको छ ।

अध्यक्ष बुद्धिमानको भनाइ थियो, "हरियो वन कार्यक्रमले हामीलाई अरू कुराहरूमा पनि सहयोग गरेको छ तर यो सरसफाइको सहयोगले चाहिं जुन उपलब्धि दिएको छ त्यो निकै महत्वपूर्ण छ । हामी आफैंले पनि अब तालको निरन्तर सरसफाइ गर्न थालेका छौं ।"

– – – – – – – – – – –

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा डब्लुडब्लुएफ नेपाल, तराई भू-परिधि कार्यक्रमका अनिलकुमार राईले तयार पारी उपलब्ध गराउनु भएको हो ।*



घटना-अध्ययन इकाई :
कुमरोज गा.वि.स., चितवन

साझेदार संस्था :
राष्ट्रिय प्रकृति संरक्षण कोष

स्थानीय साझेदार :
कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति एवम् बुढी राप्ती उपभोक्ता समिति, चितवन

घटना-अध्ययन मिति :
चैत १९, २०७० (अप्रिल २, २०१४)



# पहिलो नमुना बायोग्याँस गाउँः कुमरोज

"हाम्रो गाउँका धेरैजसो महिलाहरूले भान्सामा दाउरा बाल्दा आगो फुक्ने बाँसको ढुङ्ग्री फालिसकेका छन् ।" चितवन जिल्लाको कुमरोज गाविसमा रहेको बुढी राप्ती उपभोक्ता समितिका अध्यक्ष कुलप्रसाद भुसाल उत्साहित हुँदै बताउँछन्, "दाउराका लागि वनमा पर्ने चाप आधाभन्दा बढी घटेको छ । मानिसहरू दाउरा बटुल्न र शौच गर्न जङ्गल र झाडीतिर जाँदा वन्यजन्तुको आक्रमणमा पर्ने घटना पनि सुनिन छाडेको छ ।" अध्यक्ष भुसालका अनुसार, यी सबै कुरा गाउँमा बायोग्याँसको प्रयोग गर्न थालिएकाले नै सम्भव भएको हो । कुमरोज चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ र यस्तो संवेदनशील स्थानका वासिन्दाले वैकल्पिक उर्जा प्रयोग गरेर वनमा पर्ने चाप घटाउनु प्रशंसनीय कुरा हो ।


हुन त जीवनयापनलाई सहज बनाउने उद्देश्यले कुमरोजका केही परिवारले एक दशक अघिदेखि नै बायोग्याँस राख्न थालेका थिए । तर २०६५ सालदेखि स्थानीय वासिन्दाले यसका विविध फाइदा बुझ्न थालेपछि यसले अभियानकै रूप लियो । खासगरी २०६९-७० सालको बीचमा एकै वर्षमा हरियो वन कार्यक्रमको सहयोगमा गाउँका ५ सय ७ परिवारले बायोग्याँस जडान गरेपछि कुमरोज नेपालकै पहिलो नमुना बायोग्याँस गा.वि.स. घोषित हुन सफल भयो । २०७० साल जेठ १९ गते तत्कालीन वन तथा भू-संरक्षण मन्त्री एवम् राष्ट्रिय प्रकृति संरक्षण कोषका अध्यक्ष टेकबहादुर थापा घर्तीले कुमरोजलाई नेपालको पहिलो नमुना गोबर ग्याँस गा.वि.स. घोषणा गर्नुभयो । १ हजार ७ सय ५० घरधुरी रहेको यस गाउँमा २०७० सालको चैतको मध्यसम्ममा १ हजार ४ सय २५ घरधुरीले बायोग्याँस प्रयोग गर्न थालिसकेका छन् ।

आजकल कुमरोजका बासिन्दाहरु बायोग्याँसका लागि गाईवस्तुको गोबरमा मात्र भर पर्दैनन् । बायोग्याँस प्रयोग गर्ने करिब ८० प्रतिशतले आफूहरूले प्रयोग गर्ने चर्पीसमेत त्यसमा मिसाएका छन् । कुमरोजको वडा नं. ५ का ४१ वर्षीय रामचन्द्र चौधरी भन्छन्, "हाम्रो सातजनाको परिवार छ । हामीलाई ६ घनमीटरको 'डोम' (इनारजस्तो गरी बनाइएको गोबर हाल्ने खाल्डो) भएको चर्पीसमेत जोडिएको बायोग्याँसले चिया, खाजा र खाना बनाउन असाध्यै चिसो हुने पुस महिनामा बाहेक वर्षभरि नै पुगिरहेको छ । बायोग्याँसको डोम भर्न चर्पी नमिसाउने हो भने ३०-४० के.जी. गोबर लाग्छ तर चर्पी समेत मिसाउँदा २०-२५ के.जी. मात्र गोबर भए पुग्छ ।" चर्पी सहितको बायोग्याँस राख्नेहरूलाई हरियो वन कार्यक्रमले प्रतिपरिवार थप दुई हजार रूपैयाँ अनुदान उपलब्ध गराएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोषको जैविक विविधता संरक्षण केन्द्र, सौराहाका वरिष्ठ प्राकृतिक श्रोत संरक्षण सहायक शङ्कर चौधरी कुमरोज क्षेत्रको अवस्थाका बारेमा २०४८ सालदेखि नै परिचित छन् । उनका अनुसार यहाँका कतिपय बासिन्दाहरूले पहिले मकैका ढोड र गोबरका गुइँठा बाल्ने र भुसे चुल्हो प्रयोग गर्ने गर्थे । पछि कसैकसैले एल.पी. ग्याँस प्रयोग गर्न थाले पनि बायोग्याँस जडान गर्नुभन्दा अघि अधिकांश खाना बनाउने इन्धनका लागि उनीहरु वनमै निर्भर थिए । स्थानीय ३१ वर्षीया सरस्वतीकुमारी महतोले बताए अनुसार, पहिले दाउरा लिन हप्तामा तीन-चार दिन जङ्गल जानै पर्थ्यो । एकभारी दाउरा ल्याउन तीन-चार घण्टा खर्च हुन्थ्यो । उनी भन्छिन्, "अब बायोग्याँस राखेकाले पहिले जस्तो धेरै दाउरा चाहिँदैन । जङ्गल जान धेरै कम भइसक्यो । समय पनि बच्यो,



विगत तीन वर्षमा हरियो वन कार्यक्रम अन्तर्गत देशभरका १६ जिल्लाका ६१ गाविसमा ३,९२० बायोग्याँस प्लान्ट जडान गरिएका छन् । जसमध्ये ५४% (२१३३) बायोग्याँस प्लान्ट जनजाती घरधुरीमा जडान गरिएको छ । यसले गर्दा २५,०८६ व्यक्ति लाभान्वित भएका छन् । यसमध्ये लगभग पचास प्रतिशत महिला छन् ।



सुविस्ता पनि भयो ।" सोही गाउँकी ४० वर्षीया बालकुमारी चौधरी थप्छिन्, "दाउरा बाल्दा धेरै धुवाँ आएर हैरानै हुन्थ्यो, लुगा पनि मैलो हुने, खोकी पनि बढ्तै लाग्ने । बायोग्याँसमा त त्यस्तो समस्या नहुने रहेछ ।" जङ्गल दाउरा लिन जाँदा वन हेरालुले पहिले-पहिले गाउँका धेरै मानिसहरूको भैं बालकुमारीको पनि हँसिया जफत गरेको कुरा सम्भिए । तर अचेल भने उनले वन संरक्षण गर्नुपर्छ भन्ने बुभिसकेकी छिन् ।

कानूनी रूपमा राष्ट्रिय निकुञ्ज भित्रको वन पैदावार सङ्कलन गर्न नपाइने भएकाले वनश्रोतमा निर्भर कुमरोजवासीले २०३६ सालदेखि नै गा.वि.स.को दक्षिणी भेगमा रहेको खाली वन क्षेत्रमा वन विकास गर्ने प्रयास गरेका हुन् । तर, खुल्ला चरिचरनको चलनले गर्दा सो क्षेत्र वन जस्तो नभई चौर जस्तो थियो । स्थानीय ३२ वर्षीया गीता चौधरी भन्छिन्, "वन पहिला त खुल्लै थियो । त्यहीं गाईवस्तुहरू चर्थे । विरूवा उम्रनै पाउँदैन थियो । आजकल त गाईवस्तु त्यसरी चराउन लगिँदैन ।" स्थानीय बासिन्दालाई राम्रैसँग थाहा भइसकेको छ, गाईवस्तु चराउन लग्यो भने तिनले चरनमै गोब्र्याउँछन् र इन्धनका लागि घरमा राखेको बायोग्याँसमा गोबर पुग्दैन । गाईवस्तु त घरमै बाँधेर पाल्नुमा फाइदा छ । यस कारणले पनि वन जोगिन मद्दत पुगिरहेको छ । अहिले त्यहाँ वन हुर्किन थालिसकेको छ ।

कुमरोज मध्यवर्ती सामुदायिक वन समितिका अध्यक्ष हिरा गुरूङको अनुभवमा पहिले समितिले स्थानीय बासिन्दालाई दाउरा पुऱ्याउन सकिरहेको थिएन । धेरैले बायोग्याँस प्रयोग गर्न थालेकाले आजकल चाहिं अलिक सजिलो भएको छ । गुरूङका अनुसार गाउँमा आगलागीका घटनाहरू पनि कम हुँदै गएका छन् । बायोग्याँसबाट आगोको प्रयोग नियन्त्रित रूपमा हुन्छ । दाउरा र गुइँठाको जस्तो यसबाट हावाले उडाउन सक्ने किसिमले आगो बालिन्न । गाईवस्तु चराउन नलगिने भएपछि गोठालाहरूले खाने चुरोट-बिंडीका कारण पनि जङ्गलमा आगो लाग्ने क्रम कम हुनु स्वाभाविकै हो । पहिले राप्ती नदीको छेउमा अधिकांश भाग चौरको रूपमा रहेको यस वन क्षेत्रमा अहिले बिरूवाहरू हुर्कंदै छन् । गुरूङ विशेष जोड दिएर भन्छन्, 'यो बायोग्याँस त साँच्चै सुरक्षित, सुविधायुक्त र खतरामुक्त प्रविधि रहेछ । यसलाई देशका अरू ठाउँहरूमा पनि चाँडोभन्दा चाँडो व्यापक रूपमा लैजानु जरूरी छ ।"

- - - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा राष्ट्रिय प्रकृति संरक्षण कोषले तयार पारी उपलब्ध गराएको हो ।*



घटना-अध्ययन इकाई :
मंगलपुर गा.वि.स., चितवन

साझेदार संस्था :
राष्ट्रिय प्रकृति संरक्षण कोष

स्थानीय साझेदार :
ज्ञानेश्वर र सेतीदेवी सामुदायिक वन उपभोक्ता समूह, चितवन

घटना-अध्ययन मिति :
चैत २०, २०७० (अप्रिल ३, २०१४)



# घट्दैछ मानव - वन्यजन्तु द्वन्द्व

आजकल गाउँमा गैंडा आउन कम भएकाले चितवन जिल्लाको मंगलपुर गाविसका वनको छेउका बासिन्दाहरूमा आफ्नो जमिनमा बाली लगाएर खान सकिन्छ भन्ने आशा पलाएको छ । यही आशाका साथ सो गा.वि.स.को वडा नं. ५, शिवघाटका खुमराज गुरूङले त आफ्नो सात कट्ठा जमिनमा व्यावसायिक टमाटर खेती नै शुरू गरेका छन् । खुमराज भन्छन्, "अब पहिले जस्तो गैंडाहरु गाउँ पस्दैनन् भनेर नै मैले टमाटर लगाएँ । मेरो टमाटर लगाएको बारीमा एकपटक गैंडा छिऱ्यो भने डेढ–दुई लाख रूपैयाँकै नोक्सान गरिहाल्छ ।" खुमराज जस्तै अरु स्थानीयहरु पनि लगाएको बालीनाली आफैंले भित्र्याउन सकिएला भन्ने कुरामा पहिलेभन्दा ढुक्क देखिन्छन् ।

गैंडाले बालीनाली खाएर भन्दा पनि खेतबारीमा कुल्चेर नै बढी नोक्सान गर्ने गाउँलेहरूको अनुभव छ । पहिले–पहिले गैंडाले गाउँलेहरूको बालीनाली ध्वस्त पारेको र आफ्नै एक कट्ठा जमिनमा लगाएको मूला खेती गैंडाका भाले–पोथीले माडेर पुरै नोक्सान गरेको घटनाले खुमराजलाई अहिले पनि बेला–बेला झसङ्ग बनाउँछ । भन्छन्, "आजकल गैंडा त आएको छैन तर मनको डर पुरै हटिहाल्दो रैनछ । त्यसैले हे भगवान ! टमाटर बारीमा चाहिँ गैंडा नआओस् भनेर प्रार्थना पनि गरिरहन्छु ।" खुमराज थप्छन्, "हरियो वन कार्यक्रमको सहयोगमा जङ्गल र गाउँको बीचमा हल्का करेन्ट भएको तार लगाएपछि चाहिँ गैंडा गाउँतिर छिर्न कम भएको छ ।"

चितवन राष्ट्रिय निकुञ्जसँगै जोडिएको मंगलपुर र आसपासका क्षेत्रमा चारवटा सामुदायिक वनहरु छन् । यीमध्ये २०६९ सालमा शुरू भएको हरियो वन कार्यक्रमको सहयोगमा तीनवटा वनमा ८.५ किलोमिटर क्षेत्रमा 'पावर फेन्स' (विद्युतीय तारको बार) लगाइएको छ । एउटा वनक्षेत्रमा भने पहिलेदेखि नै यस्तो बार लगाइसकिएको थियो । ज्ञानेश्वर ब्लक भनेर चिनिने यस वनक्षेत्रमा गैंडालाई चाहिने पानीको स्रोतका लागि नारायणी नदी, 'राइनो एप्पल' अर्थात् 'गैंडाको स्याऊ' भनेर पनि चिनिने भेलर प्रजातिका रूखहरु, गैंडालाई मनपर्ने धापिलो सिमसार र प्रशस्त घाँसे मैदानहरु छन् । त्यसैले यो क्षेत्र गैंडालाई मन पर्ने क्षेत्रका रूपमा रहेको राष्ट्रिय प्रकृति संरक्षण कोषको जैविक विविधता संरक्षण केन्द्र, सौराहाका वरिष्ठ प्राकृतिक स्रोत संरक्षण सहायक शङ्कर चौधरी बताउँछन् ।

चौधरीका अनुसार वनमा पर्याप्त आहार नभएपछि कतिपय जीवजन्तुलाई गाउँतिर पस्ने बानी लाग्छ । यस क्षेत्रका गैंडाहरूलाई पनि त्यस्तै बानी लागेको हो । त्यो बानीमा नियन्त्रण गर्नकै लागि राष्ट्रिय प्रकृति संरक्षण कोष र स्थानीय सामुदायिक वन उपभोक्ता समूहले हरियो वन कार्यक्रमअन्तर्गत वन र मानव बस्तीका बीचमा 'पावर फेन्स' (विद्युतीय तारबार) लगाएका हुन् । यो तारमा जलविद्युत र सौर्य उर्जा दुवैबाट हलुका करेन्ट प्रवाह गर्ने व्यवस्था मिलाइएको छ जसलाई बस्तीतिर प्रवेश गर्न आउँदा जीवजन्तुले छोएपछि झन्झनाहट हुन्छ र उनीहरू जङ्गलतिरै भाग्छन् ।

ज्ञानेश्वर सामुदायिक वन उपभोक्ता समूहका वन्यजन्तु संरक्षण तथा चरन विकास उपसमितिका प्रेम अधिकारी र वन्यजन्तु संरक्षण संयोजक हस्तबहादुर घलेले बताए अनुसार, एकपटक करेन्ट लागेपछि करिब दुईहप्ताजति करेन्ट लागेको जन्तु त्यस क्षेत्रमै आउँदैन । पछि आयो भनेपनि करेन्ट लागेको सेतो तार देख्नासाथै फेरि वनभित्रै फर्कन्छ ।

सामुदायिक वन उपभोक्ता समूहका कार्यसमिति सदस्य यमबहादुर अधिकारीले वनभित्रका घाँसे चौर, धापिला भूमि र भेलरका रूखहरु देखाउँदै भने, "हामीले हरियो वन कार्यक्रमको सहयोगमा पावर






वन्यजन्तु तथा मानवका बीच हुने द्वन्द्वलाई हरियो वन कार्यक्रमले वातावरण संरक्षणको कठिन चुनौती मानेको छ । यसलाई घटाउँदै लाने उद्देश्यले हालसम्म जोखिमयुक्त क्षेत्रमा ४५.७५ किलोमिटर तारबार स्थापना र कूल १३८.७९ किलोमिटरको विद्युतीय तारबार मर्मत गरिएको छ । यसले गर्दा हरियो वन कार्यक्रमको कार्यक्षेत्रमा बसोबास गर्ने २४,०३२ घरधुरी लाभान्वित भएका छन् ।

फेन्समात्र लगाएको छैनौं, अनावश्यक झाडी सरसफाइ गरेर जीवजन्तुलाई चाहिने घाँस वनभित्रै प्रशस्त उम्रियोस् भनेर घाँसे मैदानहरु पनि व्यवस्था गरेका छौं । पानी खान र हिलोमा आहाल बस्न मिल्ने जस्ता ठाउँहरु पनि बनाइदिएका छौं । केही ठाउँमा त मानिसहरु कहिल्यै नजाने भन्ने सल्लाह पनि भइसकेको छ । जनचेतना जगाउने खालका कामहरु पनि हरियो वन कार्यक्रमको सहयोगमा भइरहेकै छन् ।"

विद्युतीय तारबार कहीं चुँडिएको, बिग्रिएको वा त्यसका खम्बाहरु भाँचिएको छ छैन हेरेर स-साना मर्मतका कामहरु पनि गर्ने बी.बी. शाही ठकुरीका अनुसार यो तारले गैंडामात्र नभई चित्तल, मृग र बाघलाई पनि गाउँतिर आउनबाट रोकेको छ । दुम्सी, बँदेल, खरायो, स्याल र मयुर जस्ता जनावरलाई चाहिँ रोक्न सकेको छैन । यमबहादुरको भनाइ थियो, "अरू जनावरले पनि नोक्सान त गर्छन् तर बालीनाली नोक्सान गर्ने एक नम्बरको जन्तु चाहिँ गैंडा नै हो । यसले त खेतबारीमा हिँड्दा पनि बाइरोडै बनाउँछ ।"

मानव बस्तीतिर आउनबाट जीवजन्तुलाई रोक्न स्थानीय बासिन्दा र सरोकारवालाहरुले पहिलेदेखि नै कतै कतै जैविक बार, कतै काँडेतारको बार र कतै डेढ मिटर गहिरा एवम् एक मिटर चौडा 'खावा' अर्थात् नाला पनि खनेका थिए । ज्ञानेश्वर सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष बसन्त थापाको अनुभव छ, "ती उपायहरु त्यति काम लागेनन् । यो पावर फेन्सले चाहिँ अहिले वन्यजन्तुहरुलाई सयकडा ७५ प्रतिशतै जस्तो रोकेको छ ।" बसन्त बताइरहेका थिए, "जन्तुहरु बस्तीमा आउने र बालीनाली नोक्सान गर्नुका साथै मान्छेलाई समेत आक्रमण गर्ने गरेकाले पहिले 'वन्यजन्तुलाई दुःख नदिऊँ' भन्दा मान्छे त्यत्तिकै आक्रोशित भइहाल्थे । आफूलाई दुःख दियो भनेर वन्यजन्तुलाई आक्रमण पनि गर्थे । अहिले चाहिँ त्यस्तो आक्रोश र वन्यजन्तुसँगको द्वन्द्व मत्थर भइसकेको छ ।"

गैंडा र बाघको आक्रमणमा मानिसहरु बारम्बार पर्ने गरेका पहिलेका घटनाहरु सुनाउँदै स्थानीय बासिन्दाहरुले पनि "तिनलाई त्यतिखेर कुनै माया-दया नदेखाउने गरेको" बताए । पहिले चार वर्षमा तीनजना मानिस त गैंडाले नै मारेको रहेछ । कुराकानीको क्रममा भेला भएका गाउँलेहरुको भनाइ थियो, "यस्ता जीवजन्तु गाउँ-बस्तीमा प्रवेश गर्न आजकल धेरै कम भयो त्यसैले अब चाहिँ पहिलेको जस्तो तिनीहरुसँग लड्-भिड् गर्नु पर्दैन ।" सोही क्षेत्रको सेतीदेवी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष दिपक अधिकारीका अनुसार उनको क्षेत्रमा पनि हरियो वन कार्यक्रमको सहयोगमा लगाइएको विद्युतीय तारबारले मानिस र जीवजन्तुका बीचको द्वन्द्व धेरै नै घटेको छ । दिपकको भनाइ छ, "नारायणघाट नजिकको नारायणी नदीको पुल छेऊमा रहेको नगर वनसम्मै यस्तो तारबार लगाउन सके चाहिँ गैंडा गाउँतिर पस्ने बाटो पुरै बन्द हुनेथियो ।"

हरियो वन कार्यक्रम अन्तर्गत सञ्चालन भएका चेतनामूलक कार्यक्रम र अरुपनि विभिन्न अनुभवबाट 'वनमा अनुकूल वातावरण भएन भने तारबारले मात्र वन्यजन्तुलाई बस्तीमा आउनबाट रोक्न मुश्किल हुन्छ' भन्ने कुरा स्थानीय बासिन्दाहरुले बुझेका छन् । ज्ञानेश्वर सामुदायिक वन उपभोक्ता समूहका उपाध्यक्ष मीनबहादुर तामाङ भन्छन्, "बोलीमात्र नभएको हो, गैंडा पनि अचम्मै बाठो पो हुन्छ त । वनमा खान पाएन भने त तारै लगाएपनि बस्तीमा आउनलाई एउटा न एउटा उपाय निकालिहाल्छ । त्यही भएर वनभित्रै त्यसलाई खाने-खेल्ने व्यवस्था मिलाइदिनु पर्छ । अनि बल्ल उतै रमाउँछ ।"

- - - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा राष्ट्रिय प्रकृति संरक्षण कोषले तयार पारी उपलब्ध गराएको हो ।*





घटना-अध्ययन इकाई :
मुकुन्दसेन सामुदायिक वन, नवलपरासी

साझेदार संस्था :
सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल

स्थानीय साझेदार :
मुकुन्दसेन सा.व.उ.स.

घटना-अध्ययन मिति :
चैत २०, २०७० (अप्रिल ३, २०१४)

# डढेलो नियन्त्रणमा निडर कदम

वनको एउटा भागबाट धुवाँ आइरहेको थियो । मुकुन्दसेन सामुदायिक वन उपभोक्ता समूहका वन हेरालु शेरबहादुर परियार र राजु रेग्मीले आगोले हम्मेसी नटिप्ने गेरु रंगको पोशाक फटाफट लगाए । वन उपभोक्ता समूहको कार्यालयबाट निकालेर निमेषभरमै हातमा विशेष किसिमको पञ्जा, टाउकोमा पहेंलो हेल्मेट, नाक र आँखामा विशेष मास्क र चश्मा अनि खुट्टामा जुत्ता पहिरिए । शरीरको पृष्ठभागमा पानी भरिएको बोक्न सकिने खालको नीलो ट्याङ्की भिरे । सानोतिनो आगोलाई झ्याप्-झ्याप् हानेर निभाउन मिल्ने लपेटो र बेल्चा (अर्थात् सावेल) पनि बोके । केही मिनेटभित्रैमा यी सबै काम भ्याएर उनीहरु जङ्गलमा धुवाँ आइरहेको भागतिर दौडिए ।

यो साँच्चै नै वनमा आगो लागिरहेको अवस्था चाहिँ थिएन । जङ्गलको एकछेउमा पातपतिङ्गरहरु जम्मा पारेर सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुले नियन्त्रित ढङ्गले आगो नियन्त्रण-अभ्यासका लागि यो आगो बालेका थिए । यस नमुना-अभ्यासमा हेरालुहरुले निमेषभरमै आगो पुरै निभाइहाले । उनीहरुलाई समूहका पदाधिकारीहरुले पनि सघाए । शेरबहादुरले भने, "साँच्चिकै आगो लाग्दा पनि हामी यसरी नै निभाउँछौं । पहिले त यस्तो लुगा र यस्ता चिजबीचहरु थिएनन् । आगो निभाउन जाँदा पनि आफ्नै शरीरमा आगो सल्केला भन्ने डर हुन्थ्यो । अब चाहिँ धेरै सजिलो भएको छ ।" यस अभ्यासमा पनि आगोको निकै नजिक पुगेर शेरबहादुर र राजुले आगो निभाएका थिए ।

नेपाल एकीकरण हुनुभन्दा पहिलेकै युगमा पश्चिम नेपालका शक्तिशाली राजा मुकुन्द सेन प्रत्येक वर्ष केही समय यसै क्षेत्रमा बस्ने गरेकाले उनकै नामबाट यस सामुदायिक वनको नामाकरण गरिएको हो । यस ऐतिहासिक र चलचित्रकर्मीहरुले समेत मन पराएको सामुदायिक वनका लागि देशका विभिन्न वनहरुमा झैं हरियो वन कार्यक्रमले आगो नियन्त्रण गर्ने बेलामा प्रयोग गर्नुपर्ने सामग्रीहरु सामुदायिक वन उपभोक्ता महासङ्घ-नवलपरासी मार्फत् २०६९ सालको पुस महिनामा उपलब्ध गराएको हो । फेकोफन-जिल्ला समितिका सचिव राजेशकुमार श्रेष्ठले भने, "यो सामुदायिक वन पहिलेदेखि नै जिल्लामै सबैभन्दा बढी आगो लाग्ने वन भनेर चिनिएकाले पनि यस वनलाई आगलागी नियन्त्रणकै निम्ति विशेष सहयोग गरिएको हो ।"

सामुदायिक वनका अध्यक्ष देविदत्त कँडेलले यस वनमा थरिथरिका आगलागी हुने गरेको बताए । उनका अनुसार लुकीछिपी बँदेल मार्नेहरुले चन्द्राकार ढङ्गको आगो लगाउने गर्छन् ताकि सबैतिरका बँदेल आगो नलागेको भागतिर आउन् र त्यहाँ रहेका शिकारीले तिनलाई मार्न सकून् । सिधा धर्कोजस्तो आकारमा आगो लागेको छ भने त्यो चाहिँ तस्करहरुले आफू हतारमा भाग्नका लागि बाटोमा झाडीहरुका कारण अवरोध नहोस् भनेर सफाइका हिसाबले लगाएको हो । अन्य किसिमका आगलागीहरुको खासै निश्चित आकार हुँदैन ।

आगो लाग्नुका धेरै कारण छन् । घाँस-दाउरा गर्ने र गोठालाहरुले चुरोट खाएर राम्रोसँग ननिभाई फाल्नाले र अभिभावकले नदेखुन् भनेर वनमा आइ गाँजा-चुरोट खाने केटाकेटीको हेलचेक्र्याइँले पनि आगो लाग्ने गर्दछ । नेपालको पूर्व-पश्चिम राजमार्गको करिब चार





वन डढेलोले वातावरण र समुदायलाई नै जोखिममा पार्ने हुँदा यसबारे सचेतीकरण र यसको नियन्त्रणका लागि हरियो वनको कार्यक्षेत्रमा ३२ वटा तालिम भएका छन् । यी तालिममा प्राकृतिक श्रोत व्यवस्थापन समूहका १,३१२ सदस्यले डढेलोको जोखिमबाट बच्ने र त्यसलाई नियन्त्रण गर्ने बारे सिकेका छन् ।

किलोमिटर यसै वनमा पर्छ । वनमा लामो दूरीका बसका यात्री र विशेषगरी चुरोटका अम्मलीले हतार-हतार चुरोट खाइ बस छुट्ला भन्ने डरले निभाउन नभ्याएर त्यत्तिकै फाल्ने गर्नाले पनि आगो लाग्ने गरेको छ । डाँडापारी वनको किनाराका बासिन्दाले बालीनाली लगाउन खोरिया फँडानी गर्दा त्यताको आगो सल्केर यस वनमा आउने गरेको छ । पर्यटकहरूले राजमार्ग नजिक गाडी रोकेर हेलचेक्र्याइँपूर्ण ढङ्गले खाना बनाउँदा पनि वनमा आगो सल्कन्छ ।


यस सामुदायिक वनका उपाध्यक्ष चतुरमान प्रधानको अनुभवमा "आजकल आगोले यस वनमा खोला पनि तर्न थालेको छ ।" बढ्दो खडेरी र पानीका मुहानहरु सुक्दै गएका कारण खोला-खोल्साहरूमा पानीको सट्टा रूखका पातहरु ज्यादा भएकाले यसो हुन थालेको हो । महाभारत पहाडी श्रृङ्खलाको तल्लो क्षेत्रमा रहेको यस वनको धेरैजसो भाग भिरालो छ त्यसैले धेरैजसो ठाउँमा अग्निरेखाले पनि आगो नियन्त्रण गर्न मिल्ने अवस्था छैन । उकालोमा आगो लागेपछि डढेका हाँगाहरु आगोसहित तलतिर झर्छन् र फेरि सल्कन्छन् । तलबाट माथितिर पनि रूखहरु सल्किएपछि अग्निरेखा भन्दा तलको रूखमा लागेको आगोले अग्निरेखा भन्दा माथिको रूखलाई सजिलै भेट्टाउँछ ।

यस वन समूहका पदाधिकारीहरूका अनुसार यहाँ पहिले अजिङ्गर प्रशस्त पाइन्थ्यो तर आजकल पाइँदैन । धेरै सुगा पाइने यस वनमा पहिलेको तुलनामा पच्चीस प्रतिशत पनि सुगाहरु छैनन् । आगो लागेपछि साल र विजयसाल जस्ता महत्वपूर्ण वनस्पतिहरु पनि नोक्सान हुने गरेका छन् । कोषाध्यक्ष हिरा आचार्यको भनाइ छ, "उपभोक्ताहरूलाई दाउराका रूपमा बाँड्न सकिने सुकेका रूखहरु पनि आगोले नै सिध्याउने गरेको छ ।" सो वनकी ३४ वर्षीया उपभोक्ता सुमित्रा कँडेलले पहिले-पहिले यस वनमा लाग्ने गरेको आगो बिर्सेकी छैनन् । उनी भन्छिन्, "त्यतिखेर गाउँभरि धुवाँ फैलन्थ्यो । धेरै केटाकेटी बिरामी हुन्थे । भर्खर जन्मेका शिशुहरूलाई सास फेर्न अप्ठ्यारो हुन्थ्यो । आँखा पोलेर पनि शिशुहरु धेरै नै रून्थे गर्थे । यसपालाचाहिँ त्यस्तो भएको छैन ।"

वन उपभोक्ता समूहका पदाधिकारीहरूका अनुसार हरियो वन कार्यक्रमले आगो नियन्त्रणका सामग्रीहरु दिएपछि सानोतिनो आगो सजिलै नियन्त्रण गर्न सकिएकाले पनि आजकल यस वनमा आगो फैलन कम भएको हो । अध्यक्ष देवीदत्त कँडेलको भनाइ थियो, "पहिले पनि हामी आगो लागेको थाहा पाएपछि हतारमा हस्याङ-फस्याङ गर्दै दौडन्थ्यौं तर सजिलै आगो नियन्त्रण गर्ने साधन हुँदैन थियो । अहिले चाहिँ आगो नियन्त्रणका सामग्रीहरूले गर्दा सानोतिनो आगो नियन्त्रण गर्न पहिलेभन्दा निकै सजिलो भएको छ ।"

- - - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा मुकुन्दसेन सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष देविदत्त कँडेलले तयार पारी उपलब्ध गराउनु भएको हो ।*



**घटना-अध्ययन इकाई :**
चुरियामाई गा.वि.स., मकवानपुर

**साझेदार संस्था :**
डब्लुडब्लुएफ नेपाल, तराई भू-परिधि कार्यक्रम र केएर नेपाल

**स्थानीय साझेदार :**
चुरियामाई उपभोक्ता समिति

**घटना-अध्ययन मिति :**
चैत २१ र २२, २०७० गते (अप्रिल ४ र ५, २०१४)



# महिला सक्रियता र उद्यमले मौलाएको वन

"पहिले त यो खहरे खोलामा यसो खोस्रँदा नै हिउँदमा पनि पानी आउँथ्यो । अहिले त हेर्दाहेर्दै पानी पाताल भयो । तरकारी बालीमा पनि थोपा–थोपा पानीले सिँचाइ गर्नुपर्ने दिन आयो । खानेपानीलाई त झन् मुश्किल भयो ।" मकवानपुर जिल्लाको चुरियामाई गा.वि.स., वडा नं. १, उत्तरपानीका ८३ वर्षीय अवतार सिं मोक्तान छक्क परेका छन् । यस्ता पनि दिन आउलान् भन्ने उनलाई लागेकै थिएन । अवतार सिंको विचारमा मान्छे बढेर र जङ्गल मासेर यस्तो भएको हो । तर अब, अवतार सिंकै गाउँका छोरी–बुहारीहरु जङ्गल जोगाउन कस्सिएका छन् ।

चुरियामाईको वडा नं. १ र २ मा रहेका चारवटा सामुदायिक वन उपभोक्ता समिति मिलेर बनेको 'चुरियामाई उपभोक्ता समिति'का सचिव सन्तवीर मोक्तान बताउँछन्, "गाउँका महिलाहरूले महिनामा चारचोटी अनिवार्य वन क्षेत्रको गस्ती गर्छन् । त्यो बाहेक वनमा डढेलो लागेको बेला र अरु पनि आवश्यकताअनुसार गस्ती गरिरहेका छन् ।" सन्तवीरका अनुसार गाउँमा तराई भू–परिधि कार्यक्रम (ताल) र चुरियामाई उपभोक्ता समितिले सन् २०१२ को डिसेम्बर महिनादेखि हरियो वन कार्यक्रममार्फत् 'वन र वन्यजन्तुको चोरी–शिकारी नियन्त्रणमा महिला जागरण अभियान'लाई सघाउन थालेपछि महिलाहरु बढी सक्रिय भएका हुन् । यस अभियानमा गाउँका २३ जना महिलाहरु सदस्य छन् । ठूलो खालका नोक्सानी गर्ने क्रियाकलापका विरूद्ध त उनीहरु एकजुट छन् नै, वनमा रूखका हरिया लाथ्रा काट्ने, जथाभावी हरिया स्याउला काट्ने र चराचुरूङ्गी मार्न गुलेली खेल्ने कामलाई समेत उनीहरूले रोकेका छन् ।

चुरियामाईको महिला गस्ती टोलीकी सल्लाहकार श्रीमाया थिङ भन्छिन्, "हामी गस्ती टोलीका महिलाहरूले कुरा बुझेर वन संरक्षणका बारेमा गाउँमा अरूलाई पनि सम्झाउन थालेका छौं । आजकल त गाउँलेहरूले आफ्नो खेतबारी खन्ने कोदालोको बीँड चाहियो भनेपनि वनमा नोक्सान नगरी आफ्नै बारीको बाँस काटेर बीँड बनाउने गरेका छन् ।"

गाईबस्तु चराउन लैजाने बाटोमै बसेर महिलाहरूले गोठाला–प्रशिक्षण पनि चलाएका छन् । "गोठाला प्रशिक्षणपछि वनमा गोठालाहरूको लापर्वाहीबाट पहिले–पहिले हुने गरेजस्ता आगलागी र अरु नोक्सानी घटेको छ," वन हेरालु लक्ष्मी लामाले बताइन् । लक्ष्मी लामा र अस्मिता लामा सशक्त रूपले वन हेरालुको काम गरिरहेका छन् । उनीहरूले वनबाट दाउरा–घाँस ल्याउनेहरूलाई हरिया रूख र हाँगाहरु काट्नु हुँदैन भनेर सम्झाउने गरेका छन् । डढेलो निभाउने काम पनि गर्ने गरेका छन् । आफूहरूले मात्र समाधान गर्न नसक्ने कुनै समस्या आइलागेमा उनीहरूले महिला गस्ती टोली र गाउँलेहरूको पनि सहयोग लिने गरेका छन् ।

हरियो वन कार्यक्रमको सहयोगमा उत्तरपानीको खहरेमा जैविक तटबन्धन निर्माण, वृक्षारोपण, चरिचरन नियन्त्रणका लागि तारबार, पाँच किलोमिटर लामो अग्नीरेखा निर्माण, जलवायु परिवर्तन अनुकूलन योजना तर्जुमा, बर्षात्को पानी संकलन, थोपा सिँचाइ र प्लाष्टिक टनेलको प्रयोगबाट गोलभैँडा खेती, विपन्नहरूका लागि बंगुर पालन, विद्यालयमा विद्यार्थीहरूको इको–क्लब गठन र यसका क्रियाकलापहरूको सञ्चालन जस्ता अरु पनि धेरै कामहरु भएका छन् ।





हरियो वन कार्यक्रमले लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई महत्वपूर्ण अन्र्तसंभागका रुपमा लिएको छ । हालसम्म यसले हरियो वन कार्यक्रमको कार्यक्षेत्रमा बसोबास गर्ने कूल ८,५२,४७८ मानिसहरु लाभान्वित भएका छन् वा कार्यक्रमका सहभागी भएका छन्, जसमध्ये ५१ प्रतिशत महिला छन् । यसर्थमा यो कार्यक्रमले देशका ३.१७ प्रतिशत महिलाको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा क्षमता अभिवृद्धि गरेको छ ।

हरियो वन कार्यक्रमअन्तर्गत नै यस क्षेत्रमा केएर नेपालले पनि सहयोग गरेको छ । यस सहयोग अन्तर्गत गाउँमै सञ्चालन भएको सिकाइ तथा कार्य केन्द्रमा गाउँका महिलाहरूले प्रत्येक हप्ता भेला भएर वन, वातावरण, समाज र यी कुराहरूसँग सम्बन्ध राख्ने मानिसहरूका बानी-व्यवहारमा सुधारका प्रयत्नहरु गरेका छन् । सो सिकाइ तथा कार्य केन्द्रमा सहजकर्ताको रूपमा काम गरेकी सुनकेशरी रूम्बाको भनाइ छ, "सिकाइ केन्द्रले महिलाहरूलाई निकै आत्मविश्वासी बनायो । उनीहरु त्यही केन्द्रमा भेला भएपछि पहिलेभन्दा बढी सङ्गठित भए । उनीहरूले वन, वातावरण र समाजमा सुधार ल्याउने कामका साथै आर्थिक सुधारका लागि पनि के गर्न सकिन्छ भनेर आपसमा छलफल गरे ।" गाउँमा हरियो वन कार्यक्रमकै सहयोगमा अपनाइएको थोपा सिँचाइ प्रविधिबाट तरकारी खेती गर्ने र इम्ब्रोइडरी तालिम आयोजना गरेर सीप सिक्ने कामहरु पनि भएका छन् । रूम्बाको दृष्टिकोण छ, "वन, वातावरण र समाज सुधारका काम गर्नेमात्र भनेर हुँदैन रहेछ । यस काममा लाग्नेहरूलाई आयआर्जनका काममा पनि सघाउने हो भने उनीहरु बढी सक्रिय हुने रहेछन् ।"

रूम्बाका अनुसार हरियो वन कार्यक्रमले उपलब्ध गराएको टेन्ट र क्याटरिङका आवश्यक सामग्रीहरूले पनि वन जोगाउन लागेकाहरूको प्रयास र सक्रियतालाई दिगो रूप दिन मद्दत गरेको छ । यी सामग्रीहरु भाडामा लगाएर समूहले आम्दानी गर्ने गरेको छ । कसैले गाउँमा विवाह, ब्रतबन्ध वा धेरै मानिसहरु भेला हुने यस्तै कुनै काम गर्दा टेन्ट र क्याटरिङका सामान भाडामा लिने गरेका छन् । यसबाट आएको आम्दानीले नै वन जोगाउन लागिपरेका महिलाहरूले इम्ब्रोइडरीको तालिम आयोजना गरेको र गोठाला-प्रशिक्षण, घरदैलो अभियान, वन गस्ती तथा वन र वातावरण जोगाउन मद्दत पुग्ने कुनैपनि कामका बेला चिया-खाजाको व्यवस्था गरेको चुरियामाई उपभोक्ता समितिका सचिव सन्तवीरले बताए । सन्तवीरले दिएको जानकारी अनुसार यो टेन्ट र क्याटरिङका सामान भाडामा लगाएर समूहले करिब एक वर्षकै अवधिमा ६० हजार रूपैयाँभन्दा बढी आम्दानी गरिसकेको छ । उनी भन्छन्, "यसबाट भएको आम्दानीले गर्दा हामीलाई सानातिना खर्चहरु टार्न मात्र होइन, संरक्षणका निम्ति विभिन्न गतिविधिहरु सञ्चालन गर्न धेरै नै सजिलो भएको छ ।"



घटना-अध्ययन इकाई :
आमडाँडा, देवघाट गा.वि.स., तनहुँ

साझेदार संस्था :
डब्लुडब्लुएफ नेपाल, चितवन-अन्नपूर्ण भू-परिधि कार्यक्रम

स्थानीय साझेदार :
आमडाँडा खुँडेमोरिया सामुदायिक वनका उपभोक्ता

घटना-अध्ययन मिति :
वैशाख २३, २०७१ (मे ६, २०१४)



# आमडाँडालाई बदल्दै अम्रिसो

देवेन्द्रजङ्ग गुरूङको घरैमाथि पहिरो जाला जस्तो भिरालो जमिन छ तर उनले त्यहाँ प्रशस्त मात्रामा अम्रिसो (अम्लिसो) र डालेघाँसका विरूवाहरु लगाएका छन् । प्रायः प्रत्येक नेपालीको घरमा हुने अम्रिसोको कुचो घर-आँगन बढार्नका लागि असाध्यै राम्रो मानिन्छ । बजारमा राम्रै मूल्यमा बिक्छ पनि । यसको घाँस पनि गाईवस्तुका लागि उपयोगी छ । दाउराको त्यति दुःख नभएकाले उनले अघिल्लो पटक अम्रिसोको उत्पादन लिएर बाँकी रहेका सिटाहरु (जो बाल्नका लागि पनि असाध्यै उपयोगी हुन्छन्), त्यही जमिनमा छापो (मल्चिङ्ग) बनाएर छाडेका छन् । यस्तो छापोले गर्दा सानो-तिनो पानी जमिनमा छिर्नै सक्दैन र भलपानी पनि बग्न दिँदैन ।

तनहुँ जिल्लाको देवघाट गाविस, वडा नं. ८, आमडाँडाका यी देवेन्द्रजङ्ग भन्छन्, "अब मलाई भिरालो जमिन भएपनि पहिरोको डर छैन । यो अम्रिसोको जराले त जमिनलाई क्याप्पै अँठ्याउँदो रहेछ । बरु यो जमिनमा लगाएको अम्रिसोले भैंसीका लागि चैत-बैशाखको खडेरीमा पनि हरियो घाँस दिएको छ । कुचो बेचेर दुई-चार हजार रूपैयाँ आम्दानी पनि गर्न पाइएको छ । यो त साह्रै उपयोगी रहेछ ।"

यसरी अम्रिसो र डालेघाँस लगाएको जमिन देवेन्द्रजङ्गको निजी होइन । सरकारी हो । तर, पहिले खोरिया फँडानी गरेर (बाली लगाउन जमिनमा रहेका रुखपात काटी, फाँडेर र प्रायः डढेलो समेत लगाएर) एक-दुई बाली लगाई त्यत्तिकै छाडेकाले यहाँ कुनै रुख-विरुवा थिएनन् । दुई-तीन वर्षअघिसम्म पनि कुन दिन पहिरो लड्ला र बित्याँस पार्ला जस्तो थियो । पछि जिल्ला वन कार्यालयले यस्तो हैसियत बिग्रेर खेर गइरहेको जमिन भनेर ३५ वर्षका लागि कबुलियती वनको रुपमा स्थानीय बासिन्दालाई दिँदा उनले पनि पाएका हुन् ।

देवेन्द्र स्थानीय पिरेघारी कबुलियती वन समूहका अध्यक्ष हुन् । उनी उल्लेख गर्छन्, "पहिले त यो अम्रिसो हाम्रातिर हुँदैन थियो । हरियो वन कार्यक्रमले ल्याइदिएको हो ।" उनका अनुसार, गाउँमा २०६८ सालको पुसतिर शुरु भएको हरियो वन कार्यक्रमको सहयोगमा गाउँका धेरैले अम्रिसो लगाए । धेरजसो चाहिँ खोरिया फाँडेर खाली भएको जमिनमा उम्रिएका वनमारा झारहरु उखेलेर लगाइएको थियो । त्यसबेला हरियो वन कार्यक्रमले अम्रिसोको विरुवाका साथै सो लगाउँदाको समयमा खाजाको समेत व्यवस्था गरेको थियो ।

स्थानीय आमडाँडा खुँडेमोरिया सामुदायिक वन उपभोक्ता समूहका सचिव मनवीर गुरूङले जनाए अनुसार, "अम्रिसोले अब यस क्षेत्रमा खोरिया फँडानीले बर्बाद् पारेको जमिन र बारीका डिल-कान्ला सबैतिर भू-क्षय हुनबाट जोगाउन थालिसकेको छ । स्थानीय बासिन्दाहरुको आम्दानी पनि यसैले बढाएको छ ।" मनवीरका अनुसार विगत दुई वर्षकै अवधिमा यस आमडाँडा क्षेत्रबाट तीन लाख रूपैयाँभन्दा बढीको अम्रिसोको कुचो बिक्री भइसकेको छ ।

नेपालको सबैभन्दा व्यस्त राजमार्गमध्येको मुग्लिन-नारायणघाट खण्डको घुमाउने भन्ने ठाउँबाट पैदल हिँडेर आमडाँडा पुग्न



हरियो वन कार्यक्रमको सहयोगमा तराई भू-परिधि र चितवन अन्नपूर्ण भू-परिधि गरि १,९१५ हेक्टर क्षेत्रफलमा विभिन्न प्रजातिका रुखविरुवाको रोपण गरिएको छ । यसरी वृक्षारोपण गर्दा सो प्रजातिको उपयुक्तता, वातावरणीय संरक्षण, भूसंरक्षण तथा क्षतिग्रस्त वन क्षेत्रको पुनरुत्थानका लागि योगदान, स्थानीय समुदायको आयआर्जनमा वृद्धिको सम्भावना आदि पक्षहरुमा ध्यान दिइन्छ ।



पैंतालीस मिनेटभन्दा कम समय लाग्ने भएकाले गाउँबाट देशका अन्य भागमा यसको ढुवानी गर्न खासै समस्या छैन ।


घरमा कुचो लगाइरहेकी १८ वर्षीया नानुमाया गुरूङले भनिन्, "पहिले त यो कुचो बजारबाट किनेर ल्याउनु पर्थ्यो । अब चाहिँ हामी उल्टै बजारका लागि कुचो दिनसक्ने भएका छौं ।"

गाउँमा डुल्दै जाँदा टकमायाको पिँढीमा उनकी माइजू कञ्चना र उनी धमाधम कुचो बनाइरहेका थिए । टकमायाले निजी जमिन र कबुलियती वन दुवैमा अम्रिसो लगाएकी रहिछन् । यस वर्ष (एक सिजनमा) उनी एक्लैले करिब १५-१६ हजार रूपैयाँको अम्रिसोको कुचो बिक्री गरेको बताइन् ।

आफ्नो भैंसीलाई एक अँगालो अम्रिसोको हरियो घाँस हालिदिँदै देवेन्द्रले फेरि भने, "यसरी घाँस भएपछि गाउँमा सजिलै वस्तुभाउ पाल्नसक्ने भइयो । त्यसैले विपन्नहरूको आयआर्जनमा सघाउन हरियो वन कार्यक्रमले वस्तुभाउ किन्न पनि मद्दत गरेको छ । गोठ सुधारमा समेत कार्यक्रमको सहयोग छ ।" मनवीरले थपे, "हरियो वन कार्यक्रमले पानीका मुहान संरक्षण गर्न, सिकाइ केन्द्रहरूबाट महिलाहरूलाई जान्ने बनाउन र अरु पनि धेरै कुराहरूमा सघाएको छ, तर मलाई त यो अम्रिसो लगाउन गरेको सहयोग चाहिँ आम्दानीको हिसाबले सबैभन्दा उपयोगी लाग्यो ।"

आजकल आमडाँडाका माथि-माथिसम्मका पहाडी पाखाहरूमा पनि अम्रिसोका बुच्का (झाङ)हरु देखिन थालेका छन् । लाग्छ, आमडाँडा अब आमडाँडा मात्र होइन, बद्लिएर अम्रिसो गाउँ पनि हुँदैछ ।





घटना-अध्ययन इकाई :
फारम टोल, वासुदेवपुर गा.वि.स.१, बाँके

साझेदार संस्था :
केएर नेपाल

स्थानीय साझेदार:
फारमटोलका वासिन्दा

घटना-अध्ययन मिति :
वैशाख २, २०७१ (अप्रिल १५, २०१४)

# नमुना हरित गाउँः फारम टोल

अहिले चैत-वैशाखको खडेरीमा पनि जतातत्तै हरियालीले छपक्कै ढाकेको देखिन्छ फारम टोल । "पहिले पश्चिम नेपालको प्रमुख शहर नेपालगञ्जसँगै जोडिएर पनि बत्तिमुनीको अँध्यारो जस्तो थियो हाम्रो गाउँ । २०६३ सालको बाढीले पनि हामीलाई निकै दुःख दियो । तीनतिरबाट गाउँलाई घेरेको डुडुवा खोलाको बाढीले ११ घर बगाई दियो ।" बाँके जिल्लाको बासुदेवपुर गाविस, वडा नं .१ मा पर्ने फारम टोलका ५३ वर्षीय शम्भु नाथ भन्छन्, "गाउँमा हरियो वन कार्यक्रम आएपछि चाहिँ त्यही कार्यक्रमको सहयोगमा हामी आफैंले पनि धेरै नयाँ-नयाँ कुराहरूमा प्रयास गरिरहेका छौं ।"

कुराकानीको क्रममा शम्भु नाथकै छेउमा रहेका ४० वर्षीय कृष्ण पुन थप्छन्, "अरूले पनि सघाएका छन् तर एक नम्बरको सहयोगी चाहिँ हरियो वन नै भएको छ । यसले दिनहुँजसो हामीलाई घच्घच्याइरहन्छ र उत्साह समेत बढाइ दिन्छ ।" बाढीको जोखिममा रहेको र दलित तथा मगर जातिका मानिसहरूको ज्यादा बसोबास भएको फारम टोलमा २०६९ साल फागुनदेखि केएर नेपाल मार्फत् हरियो वन कार्यक्रम शुरु भएको हो ।

पहिले त गाउँ यस्तो हरियो थिएन तर अहिले गाउँमा पस्नासाथै बाटोको दुवैतिर किम्बु र बकैनाका हरिया बोटहरु देखिन्छन् । खेतबारी पनि हरियै-हरियो । कतै तरकारी र कतै कुरिलोले ढाकिएका छन्, जमिनहरु । कतिपयले त बारीको बेरामा पनि चित्रा बुन्ने शैलीले एकमाथि अर्को हाँगा छिराउँदै 'बेशर्मा' का बोटहरु लगाएका छन् । ती पनि सुन्दर र हरिया छन् । ठाउँ-ठाउँमा प्रशस्तै देखिएका बाँस र अरु रूखहरूको हरियो पनि छँदैछ । डुडुवा खोलाको आफ्नो गाउँतिरको किनारमा पनि उनीहरूले माटो थुपारेका छन् । माटोमाथि झार पलाएको छ र त्यससँगै बेशर्माका झाङहरु लगाइएका छन् । त्यसपछि गाउँलेहरूले आ-आफ्ना जमिनमा रूख-विरूवाहरु लगाएकाले फारम टोल खोला किनारको यो जैविक तटबन्धनसम्मै निकै हरियो देखिन्छ ।

हरियो वन कार्यक्रम गाउँमा आएपछि सबैभन्दा पहिले त यसले गाउँका पछाडि पारिएका २५ जना महिलाहरूलाई सिकाई तथा कार्यकेन्द्रका सदस्यको रूपमा सङ्गठित गऱ्यो । उनीहरु प्रत्येक हप्ता भेला भएर सहजकर्ताको सहयोगमा करिब चार घण्टा छलफल गर्न र आपसमा सिक्न-सिकाउन थाले । हरियो वन कार्यक्रमका तर्फबाट सिकाई केन्द्रकी सहजकर्ता ओमकुमारी खड्का भन्छिन्, "उनीहरूले सिकाई केन्द्रमा भेला भएर नदी किनारमा जैविक तटबन्धन बनाउने, घरमा बायोग्याँस राख्ने, आयआर्जन बढाउने खालका कामहरु गर्ने र जलवायु परिवर्तनका असरसँग अनुकूलित हुने उपायहरु अपनाउने जस्ता थुप्रै कुराहरूमा छलफल गरे । त्यही अनुसार सबैको सहभागितामा काम पनि हुँदै गयो ।" ओमकुमारीलाई हिजोका दिनसम्म मानिसहरु भेला भएका ठाउँमा आफ्नो नाम पनि भन्न हिच्किचाउने दिदीबहिनीहरु अहिले जलवायु परिवर्तन, यसका असर र अनुकूलनका उपायसमेत बताउन सक्ने भएको देख्दा साह्रै खुशी लागेको रहेछ । उनले भनिन्, "उहाँहरूले यो ज्ञान र क्षमता हरियो वन कार्यक्रमको सिकाई केन्द्रबाटै सिक्नु भएको हो ।"

हरियो वन कार्यक्रमले आय-आर्जन क्रियाकलापतर्फ यहाँका बासिन्दालाई च्याउ खेती, बगर खेती एवम् तरकारीका बीउ र



नमुना गाउँ फारमटोलमा यी गतिविधिहरु संचालन भएका छन्:

१. समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजनाको उचित निर्माण एवं कार्यान्वयन
२. सरकारी निकाय तथा अन्य सरोकारवालासँग सहकार्य र गठबन्धन
३. कृषि तथा पशु उत्पादन महिला समूहको गठन
४. तरकारी उत्पादन तथा बीउ सम्बन्धी तालिम
५. व्यावसायिक कुरिलो तथा च्याउ खेती
६. जोखिमयुक्त क्षेत्रमा वृक्षारोपण
७. सिकाइ तथा कार्यकेन्द्र
८. जैविक तटबन्धन
९. बगर खेती
१०. बायोग्याँस



तरकारी उत्पादनसम्बन्धी तालिमहरु दिएको छ । तरकारी बारीमा काम गरिरहेका ४२ वर्षीय दिलकुमार वि.क. भन्छन्, "धेरै कुरा पाइयो र सिकियो, अब रोजगारी खोज्दै भारतको कालापहाडतिर जाइँदैन । घरपरिवारसँगै बसेर यहीँ काम गरिन्छ ।" उनले आफूसँग भएको पुरै सात कट्ठा जमिनमा तरकारी लगाएका छन् र २०७० सालको असोजदेखि चैतसम्ममा यो तरकारी खेतीबाट १ लाख ३० हजार रूपैयाँ जतिको उत्पादन बेचिसके । "यो खेतीमा आफ्नो परिश्रम बाहेक ३० हजार जति खर्च भयो होला," बारीमा लगाएको टमाटर देखाउँदै उनी थप्छन्, "यस खेतीले अझै जेठ महिनासम्म उत्पादन दिइरहन्छ ।" यसै गाउँकी गंगा नाथले आयआर्जनका लागि च्याउ र कुरिलो खेती गरेकी छिन् । च्याउमा पानी छम्कँदै उनले बताइन्, "च्याउ र कुरिलो दुवैबाट राम्रै फाइदा बस्दो रहेछ ।"

कृष्ण पुनले चाहिँ फारम टोलमा कुरिलो खेतीको अभियान नै चलाएका छन् । उनी भन्छन्, "एक कट्ठा जग्गामा धान-गहुँ लगाउँदा एक सिजनमा दुई हजार-पच्चीस सयको उत्पादन लिन पनि मुश्किल हुन्छ तर कुरिलो लगाउँदा एक कट्ठाबाट तीन वर्षमा केही नभएपनि एक लाख रूपैयाँ जति फाइदा हुन्छ ।" गंगा नाथ, मीना मल्ल र अरु तीनजना गरी पाँचजनाले सामूहिक रूपमा पनि आठ कट्ठा जमिनमा कुरिलो खेती लगाएका छन् । मीनाले हरियो वन कार्यक्रमबाट प्राप्त भएको कुरिलोको जरा पिसेर पाउडर बनाउने मेशिन, सुकाउने सोलार ड्रायर, प्याकिङ्का लागि न्यापर मेशिन, तौल लिने मेशिन सबै देखाउँदै भनिन्, "गाउँका दिदीबहिनी मिलेर हामीले पुष्पाञ्जली कृषि तथा पशु उत्पादन महिला समूह गठन गरेका छौं । यस्तो कृषक समूह गठन भएपछि जिल्ला कृषि विकास कार्यालयले पनि सहयोग गर्दो रहेछ ।" फारम टोलमा तरकारी खेती गर्ने किसानहरूका लागि सिँचाइमा सहयोग पुगोस् भनेर जिल्ला कृषि विकास कार्यालयले पानी तान्ने मोटर उपलब्ध गराइसकेको छ । जिल्ला वन कार्यालयले चाहिँ कुरिलो खेती गर्नेहरूलाई बढी सघाएको छ । गएको दुई वर्षमा कुरिलोका बिरूवा उत्पादन तथा बिक्री गरेर करिब पाँच लाख रूपैयाँ आम्दानी लिइसकेका कृष्ण पुन र खड्ग ओलीको परिवार मिलेर अहिले कुरिलोका झन् ठूलो अर्थात् करिब दुई लाख बिरूवा उत्पादन गर्ने नर्सरी समेत स्थापना गरेका छन् । यस नर्सरीबाट उत्पादित कुरिलोका प्रत्येक बिरूवा २० रूपैयाँ प्रतिगोटाका दरले सजिलै बिक्री हुने उनीहरूको अनुमान छ । शम्भु नाथले फेरि घतलाग्दो कुरा गरे, "हाम्रो जम्मा ३२ घरधुरी रहेको यो फारम टोल हरियो वन कार्यक्रमले सबैलाई सघाएकाले गर्दा आजकल साँच्चै नै फारमै-फारमले भरिएको छ । कतै कुरिलो फारम, कतै च्याउ फारम, कसैको तरकारी फारम, कतै बङ्गुर फारम अनि कतैचाहिँ नर्सरी फारम ।"

गंगा नाथले थपिन्, "अर्को पटक आउँदा अहिलेको भन्दा पनि बढ्ता हरियो देख्नु हुनेछ हाम्रो फारम टोल ।"

- - - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा केएर नेपालले तयार पारी उपलब्ध गराएको हो ।*



घटना-अध्ययन इकाई :
धनगढी नगरपालिका, वडा नं. ३, कैलाली

साझेदार संस्था :
डब्लुडब्लुएफ नेपाल, तराई भू-परिधि कार्यक्रम

स्थानीय साझेदार :
सामुदायिक वन समन्वय समिति-मोहना र
आदर्श सामुदायिक वन उपभोक्ता समूह, धनगढी

घटना-अध्ययन मिति :
वैशाख ५, २०७१ (अप्रिल १८, २०१४)



# सीपले आत्मनिर्भर विशालनगर

"युवाहरूले गाउँमै बसेर राम्रो आम्दानी हुने काम पाए भने बाहिर जाँदैनन् । उनीहरु गाउँमै बसे भने अरु कुराका साथै वन संरक्षणका काममा पनि मद्दत पुग्छ ।" सामुदायिक वन समन्वय समिति-मोहना, कैलालीका अध्यक्ष राजबहादुर ऐरको भनाइ हो यो । उनका अनुसार मोहना नदी किनारको विशालनगरका युवाहरूले त्यस क्षेत्रमा वन्यजन्तुको चोरी-शिकार हुने सङ्केत पाए भने बेलैमा सामुदायिक वनका पदाधिकारी र समन्वय समितिलाई सूचना दिने र चोरी-शिकार रोक्न सघाउने गर्छन् ।

धनगढी नगरपालिकाको वडा नं. ३ मा पर्ने यो ठाउँबाट नजिकका वनहरु भारतको दुधवा राष्ट्रिय निकुञ्ज र नेपालको चुरे क्षेत्रको वनका बीचमा रहेको परम्परागत रूपमै हात्ती विचरण गर्ने लालझाडी राष्ट्रिय वनसँग जोडिएका छन् । त्यसैले यो क्षेत्र निकै महत्वपूर्ण जैविक-मार्गको रूपमा रहेको छ ।

विशालनगर क्षेत्रमा परम्परागत रूपमा छाला-जुत्ताको काम गर्ने पुर्ख्यौली पेशा भएका धेरै मानिसहरूको बसोबास छ । तर, बजारमा नयाँ-नयाँ ढङ्गका जुत्ताहरु आउने गरेकाले परम्परागत सीपकै आधारमा मात्र बसिरहँदा यो व्यवसाय स□टमा परेको थियो । यस्तो सङ्कटको विकल्पमा सो क्षेत्रका स्थानीय युवाहरु गाउँ छाडेर भारत तथा अन्य मुलुकहरूमा वैदेशिक रोजगारका लागि जाने क्रम शुरु भइसकेको थियो । बजारमा सजिलै र उचित मूल्यमा बिक्री हुने जुत्ता बनाउन हरियो वन कार्यक्रमको सहयोगमा तालिम दिइएपछि चाहिँ यस्तो तालिम लिएका युवाहरु गाउँमै अडिन थालेका छन् ।

हरियो वन कार्यक्रमको सहयोगमा २०७० सालको मंसिरमा आधुनिक ढङ्गका जुत्ता बनाउने तालिम लिएका २६ वर्षीय तेजबहादुर मगराती पहिले मजदुरी गर्न भारत जाने गर्थे । उनी भन्छन्, "अब त घरै बसेर छालाजुत्ताको काम गर्दा नै पोसाइरहेको छ । महिनाको १५ हजार रूपैयाँ घरै बसेर कमाउन थालिएको छ । त्यसैले अब भारत जाने विचार छैन ।"

२० वर्षका गणेश मगरातीलाई पनि पहिले भारतको मुम्बई तिर काम खोज्न जाऊँ कि खाडी मुलुकतिर जाऊँ भन्ने लागेको रहेछ । भन्छन्, "हरियो वन कार्यक्रमको तालिमबाट पूरै जुत्ता बनाउन सक्ने भएपछि त आफ्नै गाउँ-ठाउँमा बसेर महिनाको १२-१३ हजार रूपैयाँ कमाइ भइरहेकै छ, किन जानु विदेश ?" उनी ठट्यौलो पारामा भन्छन्, "आजकल दाउरा लिनलाई जङ्गल त जान भ्याइन्न, कताको विदेश जानु ।"

गणेशले ठट्यौली पारामा भनेको यथार्थ पनि महत्वपूर्ण छ । तालिममा सिकेको सीपले आम्दानी बढ्न थालेपछि उनीहरूले खाना बनाउने इन्धनका लागि दाउराभन्दा एल.पी. ग्यासको बढी प्रयोग गर्न थालेका रहेछन् ।

यसले इन्धनका लागि वनमाथि पर्ने चापमा त कमी आएकै छ, वनमा मानिसहरूको जाने-आउने क्रम पनि घटेको छ । सामुदायिक वन समन्वय समितिका सचिव दानबहादुर बिष्ट भन्छन्, "यस क्षेत्रका बासिन्दा पहिले सबैजसो नै जैविक-मार्गको रूपमा रहेको लालझाडी वनमा निर्भर हुँदै आएका थिए । त्यही निर्भरता घटाउन हामीले हरियो वन कार्यक्रमको सहयोगमा अनेक तरहले प्रयास गरिरहेका छौं । यो जुत्ता बनाउने सीपको तालिम पनि



वातावरण संरक्षणमा स्थानीय समुदायको सबैभन्दा ठूलो योगदान हुने भएकाले वन क्षेत्रमा आश्रित समुदायलाई सहयोग गरी आत्मनिर्भर बनाउनु र वन जोगाउनु अति आवश्यक छ । यसकै प्रयास स्वरुप हरियो वनले क्षमता अभिवृद्धिका लागि ३७ वटा सीपमूलक तालिमको आयोजना गरेको छ । यसबाट २१२ पुरुष र १०४ महिलाले नौलो सीप सिकी आफ्नै समुदायमा रोजगारको अवसर श्रृजना गरेका छन् ।



त्यसैअन्तर्गत हो ।" उनका अनुसार अहिले यस वन क्षेत्रमा चोरी-शिकारी बन्द भएको छ । मानव हस्तक्षेप कम भएकाले नीलगाई, बँदेल, हात्ती र गिद्धहरु पहिलेभन्दा बढी देखा पर्न थालेका छन् ।

३० वर्षीया हेमा मगरातीले अर्कै ढङ्गको विश्लेषण सुनाइन्, "पहिले केटाहरु विदेशै जान्थे । जान नपाएकाहरुमध्ये कतिपय चाहिँ तास खेल्ने, झै-झगडा गर्ने र फाल्टु भएर बस्ने गर्थे । अहिले त तालिम लिएकाहरुलाई त्यसो गर्ने फुर्सदै छैन । काममा लागिहाल्छन् । धेरै राम्रो भएको छ ।"

हेमाका श्रीमान् वीरु मगरातीले पनि यो तालिममा सहजीकरण गरेको हेमाले बताइन् । तालिमलाई स्थानीय क्षेत्रकै सिपालु रामलाल मिजार, शंकर मगराती र वीरुले सहजीकरण गरेका रहेछन् । तालिमबाट सिकेका चारजना युवालाई त शंकरहरुको धनगढी बजारमा रहेको 'न्यू बाबा सूज'ले रोजगारी नै दिइरहेको छ ।

राजबहादुर ऐरका अनुसार अहिले तालिम लिएका १५ जना युवाहरुले यसरी काम गरेको देखेर अरु युवा र महिलाहरुले पनि यस्तो तालिम लिन खोजिरहेका छन् । समितिले यस वर्ष महिलाहरुका लागि पनि यस्तो तालिम आयोजना गर्ने सोच बनाइरहेको बताउँदै ऐरले भने, "प्रत्येक वर्ष यस्तो तालिम आयोजना गर्नुपर्ने देखिँदैछ ।"

युवाहरुले यो तालिम आयोजना गर्ने र यसमा सघाउने सामुदायिक वन, वन समन्वय समिति र हरियो वन कार्यक्रमका बारेमा पनि राम्रोसँग बुझ्न थालेका छन् । यस्ता समिति र समूहले वन व्यवस्थापनका सिलसिलामा बेला-बेला गर्ने वनभित्रको झाडी सफाइजस्ता काममा पनि युवा सहभागिता बढ्दै गएको ऐर उल्लेख गर्छन् ।

- - - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा कञ्चनपुरका पत्रकार वच्चु वि.क.ले तयार पारी उपलब्ध गराउनु भएको हो ।*




घटना-अध्ययन इकाई :
कञ्चनपुर जिल्लाका सामुदायिक वनहरू

साझेदार संस्था :
डब्लुडब्लुएफ नेपाल, तराई भू-परिधि कार्यक्रम

स्थानीय साझेदार :
चुरे संरक्षण सञ्जाल नेपाल, कञ्चनपुर

घटना-अध्ययन मिति :
वैशाख ६ र ७, २०७१ (अप्रिल १९ र २०, २०१४)



# प्रभावकारी कार्यान्वयनका लागि कुशल अनुगमन

"पहिले त हामी यो वनमारा काटेर फाल्थ्यौं । पछि अनुगमन टोली आएर सिकाएपछि मात्रै उखेलेर फाल्न थालेका हौं ।" कञ्चनपुर जिल्लाको सुडा गा.वि.स., वडा नं. ६ का प्रतापसिंह धामीले वनमारालाई कोदालोले उखेलेरै देखाए । उनी स्थानीय अमर सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ता र वन हेरालु दुवै हुन् । उनले भने, "गाह्रो त गाह्रै हुन्छ तर म दिनमा १०-१५ वटा वनमारा यसरी नै उखेल्छु र थुपार्छु । सुकेपछि गाउँलेले दाउराको रूपमा प्रयोग गर्न लैजान्छन् ।" उनीहरूले वनमारा उखेलेका ठाउँमा कामलाग्ने खालका अरू बिरूवाहरू रोपेर हुर्काउँदै पनि छन् ।

चुरे संरक्षण सञ्जालका उपाध्यक्ष तथा सो सञ्जालअन्तर्गत रहेको अनुगमन उपसमितिका संयोजक देवबहादुर चन्दले बताए, "उखेलेर नफाल्ने हो भने जमिनभित्र फैलिएर रहेका वनमाराका जराले गर्दा जमिनमाथि यसको बोट फेरि झाङ्गिएर आउँछ । कतिपय वनमा 'झाडी सफाइ गर्‍यौं' भन्छन् तर काटेर फालिएको मात्र हुन्छ । त्यसो गरेर दिगो काम हुँदैन । हामी अनुगमनमा यस्ता कुराहरू सम्झाउँछौं ।"

देवबहादुरले अनुगमन गर्दा फेला पारेका सुधार्नैपर्ने अरू कुरा पनि सुनाए । उनका अनुसार, उपसमितिले अनुगमनको क्रममा कतै कतै वृक्षारोपण गर्न भनेर पठाइएका बिरूवाको पोलिथिन ब्याग समेत नहटाइकन रोपेको भेट्टायो । कतै तारबार लगाउन दिइएको काँडेतार कैयौं दिनदेखि थन्क्याइएको पायो । कतै वनलाई आगोबाट जोगाउन बनाइएको अग्नीरेखाको चौडाइ कम भएको देख्यो । कतै बायोग्याँसका लागि चर्पीको मल नजोड्ने गरेको फेला पार्‍यो । कतै चाहीँ बायोग्याँस जडानका लागि काम गर्ने कम्पनीका मान्छेहरूले अनावश्यक रूपमा महङ्गा सामानहरू किन्न लगाएको पनि भेट्यो । उनले भने, "कतिपयले अनुदानका लागि काम गर्छौं भन्ने र पछि ठीकसँग नगर्ने र कतिपयबाट नजानेरै पनि यस्तो हुने गरेको पाइएको छ । अनुगमनमा नजानेकालाई सिकाउने र काम नगर्ने अनि ढिलो गर्नेलाई दबाब दिने गरिएको छ । अनुगमन टोली आउँछ भनेपछि सामुदायिक वनहरूमा कामकाज फटाफट हुन थालेको छ ।"

आफूहरूले तराई भू-परिधि कार्यक्रमबाट प्रकाशन भएको 'सामुदायिक वन समन्वय समितिका लागि स्थानीय स्तरमा सहभागितामूलक अनुगमन मार्गदर्शन' नामक पुस्तिकाका आधारमा आफ्ना सदस्य-वनहरूको अनुगमन कार्य गर्ने गरेको संयोजक चन्दले बताए । चन्दले भने, "हामी कहाँ-कहाँ के-के नराम्रो भएको वा बिग्रेको छ भन्ने कुरामात्र खोज्दैनौं बरू कहाँ के काम गर्नु उपयुक्त छ भन्ने कुरा पनि हेर्छौं जसले गर्दा आगामी योजनाहरू बनाउन सञ्जाललाई सहयोग पुग्छ ।"

सञ्जालका अध्यक्ष रविन्द्रबहादुर कुँवरले जानकारी दिए अनुसार यो 'चुरे संरक्षण सञ्जाल' कञ्चनपुरको भीमदत्त नगरपालिकामा रहेका आठवटा र सुडा एवम् दैजी गाविसमा रहेका १३ वटा गरी २१ वटा सामुदायिक वनहरूको प्रतिनिधिमूलक संस्था हो । यसले सो क्षेत्रमा पर्ने पूर्व-पश्चिम राजमार्गभन्दा उत्तरका चुरे क्षेत्रसम्मका वनहरूलाई आफ्ना सदस्यको रूपमा समेटेको छ ।

यी वनहरूमा अनुगमन गर्दा आन्तरिक अनुगमनको रूपमा अवस्थाअनुसार चाँडै वा सामान्य अवस्थामा पनि कम्तीमा दुई



चुस्त र प्रभावकारी अनुगमनका लागि तराई भू-परिधिको सामुदायिक वन समन्वय समितिको तहमा नौ वटा अनुगमन उपसमिति बनाइएका छन् । ३९ व्यक्तिहरु सम्मिलित रहेका यी उपसमितिमा ४१ प्रतिशत जिम्मेवारी महिलाले लिएका छन् । यी उपसमितिका सदस्यहरुको क्षमता अभिवृद्धि गरि सुदृढ तुल्याइएका र कार्यक्रमको अनुगमनमा परिचालित गरिएका छन् ।



महिनामा एकपटक अनुगमन गर्ने गरिएको छ । यस्तो अनुगमन ज्यादाजसो आकस्मिक रूपमा छड्के जाँचको शैलीले गर्ने गरिएको संयोजक चन्द बताउनु हुन्छ । उहाँकै अनुसार अर्को संयुक्त अनुगमन चाहिँ वन कार्यालय, जिल्ला विकास समिति, गाउँ विकास समिति लगायत राज्यका विभिन्न स्थानीय निकायका प्रतिनिधि, पत्रकार, बुद्धिजीवी, गैरसरकारी संस्थाका प्रतिनिधिहरु समेतको समितिले गर्ने गर्दछ । यो चाहिँ अनुगमन गरिने ठाउँमा सम्भव भएसम्म पहिले नै सूचना दिएर वर्षमा दुई पटक गर्ने गरिएको छ ।

हरियो वन कार्यक्रमसँगको साझेदारीमा सञ्जालले विभिन्न कामहरु गरिरहेकाले तिनको प्रभावकारी कार्यान्वयनका लागि पनि अनुगमनले सहयोग पुऱ्याइरहेको र स्थानीय वनमा परेका प्राविधिक समस्यामा सुझाव दिन पनि सजिलो भएको सञ्जालका अध्यक्षको विश्लेषण छ । अध्यक्षले जनाए अनुसार सञ्जालले हरियो वन कार्यक्रमको सहयोगमा वृक्षारोपण; जैविक विविधता संरक्षण; वन उपभोक्ताहरूसँग सम्बद्ध सहकारी व्यवस्थापन; सहकारी शिक्षा अभियान; बायोग्याँस, सुधारिएको चुलो, अग्नीरेखा निर्माण, तारबार; चोरी-शिकार नियन्त्रण; झाडी सफाइ र वन व्यवस्थापन लगायतका कामहरु गरिरहेको छ । हरियो वन कार्यक्रमको सहयोगमा आयोजना गर्ने गरिएका तालिमहरूले पनि समुदायमा वन र जैविक विविधता संरक्षणसम्बन्धी चेतना जगाउन मद्दत पुऱ्याएका छन् ।

चुरे संरक्षण सञ्जालको कार्यक्षेत्रले लालझाडी र ब्रह्मदेव जैविक-मार्ग दुवैलाई छोएको छ । यसले नेपालको शुक्लाफाँटा र भारतको चम्पावत क्षेत्रमा रहेको राष्ट्रिय निकुञ्जलाई पनि जोड्ने काम गर्दछ । यो क्षेत्र विशेषगरी बाघ र हात्तीका लागि बढी उपयुक्त क्षेत्रका रूपमा रहेको बताइन्छ ।

- - - - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा कञ्चनपुरका पत्रकार बच्चु वि.क.ले तयार पारी उपलब्ध गराउनु भएको हो ।*



घटना-अध्ययन इकाई :
बारपाक गा.वि.स., गोरखा

साझेदार संस्था :
केयर नेपाल

स्थानीय साझेदार :
रागर र इपिचिना तथा सुनानपाखा सामुदायिक वन उपभोक्ता समूह

घटना-अध्ययन मिति :
वैशाख १४ र १५, २०७१ (अप्रिल २७ र २८, २०१४)



# तीलकुमारीले दिदी-बहिनीलाई बनाइन् आत्मविश्वासी

२०७१ साल वैशाख १५ गते बिहान । घामको पहिलो झुल्कोसँगै हातमा कुचो र खरेटो बोकेर गोरखाको हिमाली गाउँ बारपाकका महिलाहरु गा.वि.स. भवनतिर लागे । गोरखा सदरमुकामबाट करिब ४५ किलोमिटर उत्तरमा रहेको यो सुन्दर हिमाली गाउँलाई सधैं सफा राख्नुपर्छ भन्ने सन्देश फैलाउन यहाँका ग्रामीण महिलाहरु जुटेका थिए । सधैं झैं यस अभियानको नेतृत्व गरिरहेकी थिइन्, उमेरले २५ वसन्त मात्र टेकेकी हरियो वन कार्यक्रमकी स्थानीय स्रोतव्यक्ति तीलकुमारी घलेले ।

गा.वि.स.को सभाकक्षमा सबै भेला भएपछि उनै तीलकुमारी घलेले सबैजना भेला हुनुको कारण र सरसफाइ किन जरुरी छ भन्ने कुरा बताइन् । त्यसदिन के के गर्ने भन्ने बारेमा एकैछिन छलफल चलाइन् । छलफल सकिनासाथै तीलकुमारी नै छक्क पर्नेगरी उपस्थित महिलाहरुले उनको सम्मान गर्ने घोषणा गरे । धनपूर्णा गुरुङ त माला लिएर अगाडि आइहालिन् र "तीलकुमारीले बारपाकमा धेरै राम्रा कामहरु गरेको" भन्दै उनलाई माला लगाइदिइन् । सभाकक्ष तालीले गुञ्जियो । धनपूर्णाले माला लगाइदिनासाथ इतमाया घले चाहिँ अबीर बोकेर आइपुगिन् र यी हिमाली युवती तीलकुमारीको अनुहारभरि अबीर दलिदिइन् । ताली झन मजाले बज्यो । बारपाक, वडा नं. ४ की ४० वर्षीया मनकुमारी सुनारले भनिन्, "तीलकुमारीले हामीजस्तो आँखा भएपनि कुरा नबुझेर अन्धो भएकालाई ज्ञानको आँखा देखाउनु भएको छ ।" वडा नं. ७ की २६ वर्षीया रसकुमारी गुरुङले थपिन्, "यो तीलकुमारी त हाम्रो गाउँको आँखा नै हो । यसले हामी घरभित्रको कुरामात्र जान्ने महिलालाई घरबाहिर पनि ल्याएर सामाजिक काममा अगाडि बढायो । यसैले गर्दा हामी दुई-चार कुरा जान्ने र बोल्नसक्ने भयो ।"

सभाकक्षमा सम्मान कार्यक्रम सकिएपछि गाविसको चौरमा स्थानीय ६४ वर्षीय बुद्धिजीवी सुविदार धनीराम घलेले भने, "वास्तवमा तीलकुमारी सम्मानकी लायक नै हुन् । उनको त अझ ठूलो सम्मान हुनुपर्ने हो ।" धनीरामले आफ्नो जीवनमै देश-विदेश, शहर-गाउँ कतैपनि यति सानो उमेरमा समाज सेवाका काममा यसरी सक्रिय भएर, महिलाहरुलाई एक ढिक्का बनाएर, उनीहरुमा चेतना जगाएर अगाडि बढाउने "यो केटी बाहेक अरु कोही नदेखेको" बताए ।

सबैबाट रुवाइएकी तीलकुमारी आफूचाहिँ दुःखमा हुर्किएकी चेली हुन् । २०६८ सालमा बस्तुभाउ चराउँदै गर्दा भीरबाट लडेर उनका बुबाको देहान्त भयो । बुबाको देहान्त भएपछि तीलकुमारी र उनकी दिदीले घरको जिम्मेवारी सम्हाल्न आमालाई साथ दिँदै आए । यसैबेला बारपाकमा हरियो वन कार्यक्रम शुरु भयो । सो कार्यक्रमको साझेदार संस्था केएर नेपाल र स्थानीय साझेदार रागर सामुदायिक वन उपभोक्ता समूहले एकजना स्रोतव्यक्ति खोजिरहेको छ भन्ने तीलकुमारीले थाहा पाइन् । उच्च माध्यमिक तहको अध्ययन गरेकी तीलकुमारीले निवेदन दिइन् । उनी यसमा नियुक्त भएर काम गर्न थालिन् ।

त्यसको केही महिनापछि उनकी दिदी पनि बुबा जस्तै बस्तु चराउँदै गर्दा भीरबाट नै लडेर बितिन् । तीलकुमारीका भाइ नन्द घले भन्छन्, "यस्तो अवस्थामा तीलकुमारी दिदीले नै आफूले



हरियो वनले हालसम्म ४५० वटा सामुदायिक सिकाइ तथा कार्य केन्द्रको स्थापना गरेको छ । यसले गर्दा ११,५६५ महिला र ३२६ पुरुषले एकत्रित भइ विभिन्न सामाजिक तथा वातावरणीय अभियानमा आफ्नो जागरुकता देखाउने मौका पाएका छन् ।



अनेक दुःख गरेर भएपनि हामीलाई पढाउनु भयो ।" अत्यन्त मेहनती तीलकुमारीले आयआर्जनका लागि अरूका भैंसी र भेडा अधियाँमा पालेकी छिन् । बिहान भिसमिसेमै उठेर बस्तुभाउको स्याहार गर्नु, घर-आँगन सरसफाइ गर्नु, खाना बनाउनु, दिउँसो हरियो वन कार्यक्रमअन्तर्गत गठन भएका बारपाक क्षेत्रका महिलाहरूका सिकाइ-केन्द्रमा स्रोतव्यक्तिको रूपमा सहजीकरण गर्नु, बेलुकी फर्केर घरको काम सम्हाल्नु तीलकुमारीको सामान्य दिनचर्या हो । घरको काममा चाहिँ तीलकुमारीकी आमा र भाइहरूले पनि उनलाई सघाउने गरेका छन् ।

बारपाक वडा नं. ९ की ७५ वर्षीया भुसरी घले भन्छिन्, "तीलकुमारीले गाउँको 'मदी' (महिला)हरूलाई भेला पार्छ र नजानेको कुरा सिकाउँछ ।" रसकुमारी थप्छिन्, "वनमा किन डढेलो लगाउन र शिकार गर्नुहुन्न, किन वन जोगाउनु पर्छ भन्ने कुरा पनि सिकाउँछ ।" रसकुमारीले तीलकुमारीकै साथमा वनको गस्ती गर्ने गरेको र एकपटक त वनमा लुकीछिपी रूख काटेर दाउरा बनाउँदै गरेका तीन जनालाई पक्राउ पनि गरेको बताइन् ।

हरियो वन कार्यक्रमअन्तर्गत गाउँमा सञ्चालन भएको सिकाइ केन्द्रमा तीलकुमारीले सहजीकरण गर्दा "पहिले थाहै नपाएका धेरै कुराहरु थाहा पाएको" सो केन्द्रमा भेला हुने महिलाहरूले जनाए । उनीहरूले सो केन्द्रमा खाजाका लागि आउने पैसा जोगाएर (खाजा आफ्नै घरबाट ल्याएर खाने गरेर) र त्यसमा प्रत्येक सदस्यले महिनैपिच्छे रू. १०० का दरले जम्मा गरेर एउटा छुट्टै कोषको व्यवस्था गरेका रहेछन् । सो कोषबाट उनीहरूले आवश्यक पर्दा र आयआर्जनका काम गर्न सहुलियत ब्याजमा रकम लैजाने गरेका छन् । कोषबाट ५ हजार रूपैयाँ लगेर बंगुरका दुईवटा पाठापाठी किनेर पालेकी वडा नं. ७ की ३३ वर्षीया सन्तमाया गुरूङले "यहाँको सयकडा १२ रूपियाँको ब्याज अन्तभन्दा कम रहेको र ऋण लिन पनि सजिलो भएको" बताइन् ।

तीलकुमारी भन्छिन्, "मैले हरियो वन कार्यक्रममा लागेर त्यहाँबाट तालिमहरु लिन पाएँ । धेरै कुराहरु सिक्न पाएँ । केएर नेपाल र यहाँका सामुदायिक वनहरूले पनि धेरै कुरा सिक्न सघाउनु भयो । अनि त्यहींबाट जानेका कुराहरु दिदी-बहिनीहरूलाई बताएकी हुँ । दिदी-बहिनीहरूले पनि धेरै कुराहरु भन्नुहुन्छ, छलफल गर्नुहुन्छ । त्यसबाट पनि आफूले धेरै कुराहरु जानिंदो रहेछ ।" उनी यो पनि बिर्सन्नन्, "गाउँका दिदी-बहिनीले मलाई माया गर्नुहुन्छ र मेरो कुरा सुनिदिनु हुन्छ ।" उनकी आमा माइली घलेलाई पनि छोरीले गर्ने गरेको कामबाट सन्तोष लागेको रहेछ । माइलीले आफ्नै स्थानीय भाषामा - आफूले अक्षर नचिने पनि छोरीलाई पढाउन पाइएको, उसले गाउँ-समाजमा राम्रो काम गरेको र त्यसैमा सन्तोष लागेको उल्लेख गरिन् ।

\- - - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा केएर नेपालका देवनारायण मण्डल र पवित्रा भाले तयार पारी उपलब्ध गराउनु भएको हो ।*





घटना-अध्ययन इकाई :
दोभान सामुदायिक वन, पौराही-३, रौतहट

साझेदार संस्था : सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल

स्थानीय साझेदार :
दोभान सा.व.उ.स., पौराही-३, रौतहट

घटना-अध्ययन मिति :
चैत २२, २०७० (अप्रिल ५, २०१४)

# वन संरक्षणमा सामुहिक एकता

रौतहट जिल्लाको पूर्वी सीमा भएर बहने बागमती नदी किनारमा एकहुल किशोर-किशोरी हिँडिरहेका थिए । एकैछिनमा उनीहरु जङ्गलभित्र छिरे । नदीले कटान गर्न बाँकी रहेको यो जङ्गलको भाग असाध्यै पातलिइसकेको थियो । ती किशोर-किशोरीले जङ्गलभित्र थुपारेका उखुका लँात्रा जस्तै सजिवनका हाँगा फटाफट बोके । जङ्गलभित्रै अलि पर लगे र थुपारे । त्यहाँ स्थानीयवासी हर्क ठाडा जमिनमा लाइन मिलाएर बारको रुपमा सजिवनहरु गाड्न व्यस्त थिए ।

चालीस वर्षीय हर्क ठाडा र ती किशोर-किशोरीहरु इशाई धर्मावलम्बी हुन् । ठाडाले बताए, "वनको यो भाग हामीलाई दोभान सा.व.उ.स.ले दिएको हो । यसलाई हामी सजिवनको बारले घेर्छौं र जोगाउने मात्र हैन विभिन्न किसिमका बिरुवाहरु लगाएर सुन्दर बनाउँछौं । यो भाग हामी इशाईहरुको समाधिस्थलको रूपमा रहने छ ।" दोभान सामुदायिक वन उपभोक्ता समूहका सचिव बीरबलकाजी बम्जनले भने, "उहाँहरुले यो ठाउँ पहिलेदेखि नै उपभोग गरिरहनु भएको रहेछ । अहिले चाहिँ सिमेन्ट र प्लाष्टिक जस्ता सामग्रीको प्रयोग नगरी व्यवस्थित ढङ्गले वन जोगाउँदै प्रयोग गर्नुहोस् भनेका हौं ।" वीरबलकाजीका अनुसार यस क्षेत्रमा बौद्ध र हिन्दूहरु पनि छन् । नदी किनारातिरको वनको केही भाग बौद्ध धर्मावलम्बीका लागि छुट्याइएको छ । हिन्दूहरुले भने नदीको किनारामा पानीकै छेउमा शव जलाउने भएकाले यसरी ठाउँ छुट्याइरहनु पर्दैन ।

स्थानीय बासिन्दाहरुका अनुसार 'क्रिष्टल बायो इनर्जी' नामक कम्पनीले पहिले यस क्षेत्रको गाउँमा सजिवन खेती गर्न सिकाएकाले यस क्षेत्रमा सजिवन प्रशस्तै पाइँदो रहेछ । सो क्षेत्रमा हरियो वन कार्यक्रमका स्रोतव्यक्तिको रूपमा सहजीकरण गर्ने रौतहट सामुदायिक वन उपभोक्ता महासङ्घका अध्यक्ष वेदहरि दाहालले बताए, "गाईवस्तुले पनि नखाने, काटेर रोपिदिएपछि त्यहीँ जरा हाल्ने र नमर्ने, दाउराको रूपमा पनि प्रयोग नहुने भएकाले कसैले नलैजाने, बोटले मुनिको भागलाई ओसिलो बनाउने यो सजिवन जैविक बारका रूपमा प्रयोग गर्न निकै उपयुक्त हुन्छ ।"

वेदहरि दाहाल र बीरबलकाजी बम्जनका अनुसार दोभान सामुदायिक वन पहिले निकै घना थियो । यहाँ सिसौ र साल जस्ता मूल्यवान प्रजातिका रुखहरु थिए तर हतियार समेत लिएर आउने तस्करहरुले वन सखाप पारे । अहिले कर्मा, जामुन, बाँझी, सिन्दुरे जस्ता र त्यो पनि धेरै पातला रुपमा रहेका रुखहरुमात्र छन् । कतै-कतै सालका स-साना बिरुवाहरु उम्रेका भए पनि भुइँको धेरै जसो भाग काम नलाग्ने मिचाहा प्रजातिले ढाकेकाले सामुदायिक वनको १५७ हेक्टर क्षेत्रफलमा फैलिएको यस वनको उपयोग र संरक्षण कसरी गर्ने भन्ने कुरा चिन्ताको विषय बनेको थियो । त्यसैबेला अर्थात् २०६९ सालमा सामुदायिक वन उपभोक्ता महासङ्घले यस वनक्षेत्रलाई अति बिग्रँदो अवस्थामा रहेको क्षेत्रका रुपमा पहिचान गऱ्यो र सो क्षेत्रमा हरियो वन कार्यक्रम सञ्चालन गर्ने निधो भयो ।

२०५० सालमा बागमती नदीमा आएको भयानक बाढीले यस क्षेत्रका सयौं मानिसहरुलाई सुकुम्बासी बनाएको थियो । दाहालका अनुसार यस वनक्षेत्रको आसपासमा बस्ने सुकुम्बासीको संख्या बढ्नुमा सो बाढी पनि एउटा प्रमुख कारणको रूपमा रहेको थियो । विपन्न अवस्थाका धेरै सुकुम्बासीहरु वनश्रोत र नदीको बालुवा-



हरियो वनले जीविकोपार्जन सुधार योजना तथा आयआर्जनमूलक क्रियाकलापद्वारा प्राकृतिक श्रोत व्यवस्थापनका विपन्न र अति विपन्न सदस्यहरुलाई आफ्नो जीवनस्तर उकास्न सहायता गर्दछ । यो सहयोगले अहिलेसम्म २,२७० घरधुरीका ११,७९० परिवार संख्या लाभान्वित भएका छन् ।



गिटीमा आश्रित हुने नै भए । हरियो वन कार्यक्रम शुरु भएपछि यस्ता कुराहरूलाई विचार गरेर सहभागितामूलक ढङ्गले वनका उपभोक्ताहरूको सम्पन्नता स्तरीकरण गरियो । सो स्तरीकरणबाट विपन्न र अति विपन्न वर्ग ठहरिएका उपभोक्ताका प्रति परिवारलाई उनीहरूको चाहनाअनुसार बाख्रा, बंगुर, भैंसी पालन जस्ता आयआर्जनका काम गर्न हरियो वन कार्यक्रमले सहयोग गऱ्यो । उक्त रकमबाट उपभोक्ता समूहले घुम्तीकोषमार्फत् एक वर्षका लागि प्रतिपरिवार ८ हजार ५ सय रूपैयाँ उपलब्ध गरायो । उनीहरूलाई वनको केही निश्चित भाग छुट्याएर त्यहाँ वृक्षारोपण गर्ने र बिरूवा ठूला नहुञ्जेल तिनलाई जोगाउँदै खाली जमिनमा बिरूवालाई असर नपर्ने गरी अन्य आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्न लगाउने व्यवस्था मिलाइयो । वृक्षारोपणका लागि आवश्यक पर्ने बिरूवाहरु जिल्ला वन कार्यालय, रौतहटबाट उपलब्ध गराइयो ।

४६ वर्षीय उपभोक्ता कर्म दोङ भन्छन्, "मैले हरियो वन कार्यक्रमबाट आयआर्जनका लागि पाएको पैसाले पाडा किनेको छु । तिनलाई घाँस चाहिन्छ । त्यसैले वनमा मलाई छुट्याइदिएको जग्गामा बडहर र अरु पनि पाडालाई घाँस समेत खुवाउन मिल्ने रूख लगाएको छु । भुइँमा अम्रिसो लगाउने विचार छ ।" यसैगरी ४० वर्षीया विवीमाया थिङले आफूलाई सामुदायिक वनले दिएको वनको जग्गामा तोरी लगाएर एक वर्षको आम्दानी पनि लिइसकेको बताइन् । उनले भनिन्, "वनको माटो धेरै मलिलो भएर होला तोरीको बोट हलक्कै आयो तर ढलेर सोचेजत्तिको आम्दानी हुन सकेन ।" उनले आफूलाई छुट्याइएको जमिनमा आँप, लिची र घाँसका बिरूवाहरु लगाउने विचार गरेको सुनाइन् । कतिपयले आफूलाई केही वर्षका लागि कमाउन दिइएको भागमा तराईमा पोसिलो तरकारीको रूपमा चिनिने सोइजनका बोटहरु लगाएका छन् । ६० वर्षका मानबहादुर स्याङ्तान भन्छन्, "सोइजन त एक वर्ष रोप्यो, अर्को वर्षबाट फल्न थालिहाल्छ । बोटबाटै यो तरकारी असी रूपैयाँ किलोमा बिक्री हुन्छ ।"

सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष जितबहादुर वि.क. बताउँछन्, "वनको खाली रहेको जग्गाबाट विपन्न वर्गले फाइदा पनि पाउने र उनीहरूले त्यहाँ वृक्षारोपण गरिएका बिरूवा पनि जोगाइदिने कामले विपन्न वर्गका उपभोक्ताको हित र सामुदायिक वनको सुधार दुवै पक्षमा फाइदा हुने देखिएको छ ।" वि.क.ले थपे, "पोहोर साल वृक्षारोपणका लागि अलि ढिलो भयो, यस वर्ष हामी समयमै वृक्षारोपण गर्छौं । २० हेक्टर क्षेत्रफलमा जलवायु परिवर्तन अनुकूलन योजनाअन्तर्गत मिचाहा प्रजातिको व्यवस्थापन गरी वन व्यवस्थापनतर्फ लागिपरिरहेका छौं ।"

वेदहरि, बीरबलकाजी र जितबहादुरको उस्तै दृष्टिकोण छ, पौराहीको बिग्रिसकेको सामुदायिक वनबाट यस प्रक्रियाले गर्दा धार्मिक अल्पसङ्ख्यक र आर्थिक रूपमा विपन्न मानिसहरु दुवैले फाइदा लिनुका साथै सामुदायिक वनको हैसियतमा पनि सुधार आउन सक्नेछ ।

*नोटः माथि उल्लिखित सजिवन र सोइजन छुट्टाछुट्टै प्रकृतिका बोटहरु हुन् ।*





घटना-अध्ययन इकाई :
आर्थरडाँडाखर्क गा.वि.स., पर्वत

साझेदार संस्था :
सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल

स्थानीय साझेदार :
आर्थरडाँडाखर्कका सामुदायिक वन उपभोक्ता समूहहरु

घटना-अध्ययन मिति :
वैशाख २२, २०७१ (मे ५, २०१४)

# कार्यक्रमले ल्यायो सुखद परिवर्तन

जङ्गल र गाउँको बीचमा भर्खरै खनेको कच्ची मोटर बाटोमा हिँड्दा-हिँड्दै कालिज देखियो । हरियो वन कार्यक्रमकी पूर्व सहजकर्ता धनकुमारी रिमालले भनिन्, "कालिज मात्र होइन, एकवर्षजति भयो होला, कहिलेकाहीँ त खरायो र मृग पनि देखिन थालेका छन् ।"

उमेरले ४९ औं वसन्त पार गरेकी स्थानीय भीमकुमारी गुरूङले पनि 'पहिले त यस्ता जीवजन्तुहरु काठमाडौं जाँदा चिडियाखानामा मात्र देखेकी तर आजकल गाउँकै छेउको वनमा देख्न थालेको' बताइन् । भीमकुमारीहरूको यो गाविस अर्थात् पर्वत जिल्लाको आर्थरडाँडाखर्कमा आजकल वन जोगिएर कतिपय ठाउँमा त्यो घना पनि हुँदैछ । वन घना भएपछि नै जीवजन्तुहरु पनि बढ्न थालेको स्थानीय नन्दू गुरूङको अनुभव छ ।


स्थानीय सामुदायिक वन उपभोक्ता महासङ्घका अनुसार यस गाविसमा मात्रै १५ वटा सामुदायिक वनहरु छन् र ती सबै नै वन र वन्यजन्तुको संरक्षणमा जुटिरहेका छन् । स्थानीय राङ्से-पाताल सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष देवीप्रसाद पौडेल भन्छन्, "यस काममा हरियो वन कार्यक्रमले वृक्षारोपण गर्न, संरक्षण गर्न र स्थानीय उपभोक्ताहरूमा वन र वातावरण जोगाउनै पर्छ भन्ने चेतना जगाउन सहयोग गरेकाले हामीमा पहिलेभन्दा बढी जाँगर पलाएको छ ।"

आर्थरडाँडाखर्कको वडा नं. ८ मा रहेको खाल्टा गाउँका ५० वर्षीय शोभाकर वि.क. भन्छन्, "हाम्रो गाउँमा खानेपानीको साह्रै दुःख थियो । पहिले भएको खानेपानीको मुहान पनि पहिरोले पुरेको थियो । अहिले त हरियो वन कार्यक्रमको सहयोगमा हामीले मुहानलाई पक्की बनायौं र त्यहाँबाट पाइप लगाएर बस्तीसम्मै पानी ल्यायौं । अब डोकामा गाग्री बोकेर पानी लिन कुद्नु पर्दैन ।" शोभाकरहरूको दलितहरूको बाहुल्यता रहेको शोभाकरको यस गाउँका काउरेभीर सामुदायिक वन उपभोक्ता समूहका उपभोक्ताहरूले हरियो वन कार्यक्रमको सहयोगमा जलवायु परिवर्तन अनुकूलन योजना समेत बनाइसकेका छन् । सो योजनामा पानीको मुहान संरक्षण र पहिरो गएको एवम् अन्य खाली ठाउँमा गर्नुपर्ने वृक्षारोपणको काम पहिलो प्राथमिकतामा रहेको छ । शोभाकरका अनुसार, "पोहोर साल (वि.सं. २०७०)को भदौमा हरियो वन कार्यक्रम र जिल्ला भू-संरक्षण कार्यालयको सहयोगमा वृक्षारोपण गरिएको थियो । अहिले ती बिरुवाहरु जोगाउने काम पनि हुँदै आएको छ ।"

कार्यक्रमको सहयोगमा आर्थरडाँडाखर्कमा हालसम्म आफूहरूले गरेका कामका बारेमा बताउन भेला भएका स्थानीय बासिन्दाहरूले सबैभन्दा राम्रो काम चाहिँ सिकाइ तथा कार्यकेन्द्रलाई नै ठहऱ्याए । सहेलेपाखा सामुदायिक वनकी कृष्णकुमारी रिमालले भनिन्, "यसैबाट हामीले पहिले बुझ्नै नपाएको जलवायु परिवर्तन, त्यसको असर र वन र वातावरण किन जोगाउनु पर्छ भन्ने कुराहरू थाहा पायौं । आफूलाई चित्तबुझ्दोगरी ज्ञान भएपछि नै मान्छेले त्यो अनुसार काम गर्छ । ज्ञान नै सबैभन्दा ठूलो कुरा हो ।"

दोस्रोमा उनीहरूले समाजमा उपेक्षित अवस्थामा रहेका दलित समुदायलाई पनि कार्यक्रमले समेटेर मद्दत गर्दै सँगसँगै अघि बढाएको कुरालाई लिए । तेस्रो नम्बरमा, ठाउँ-ठाउँमा वृक्षारोपण र





समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजना राष्ट्रिय अनुकूलन कार्ययोजनाका छ सम्भागमा आधारित छन् :

१. कृषि तथा खाद्य सुरक्षा

२. जलश्रोत तथा उर्जा

३. जलवायु उत्पन्न विपत्हरु

४. वन तथा जैविक विविधता

५. जनस्वास्थ्य

६. शहरी आवास तथा भौतिक पूर्वाधार

चौथोमा बायोग्याँस राख्न चाहनेहरूलाई सहयोग गरेको कुरा उनीहरूले "राम्रो" ठहऱ्याए ।

चिहान डाँडा सामुदायिक वनकी अध्यक्ष सुनिता पौडेलले बायोग्याँसमा भएको हरियो वन कार्यक्रमको सहयोगलाई निकै राम्रो ठहऱ्याउँदै भनिन्, "यसमा दाउरा धेरै नै कम लाग्ने भएर वन जोगिन मद्दत पुग्ने, धुवाँ नआउने भएकाले हामी महिलाहरूको स्वास्थ्यमा असर नपर्ने र घरभित्रका लुगाकपडाहरु पनि कम मैला हुनेजस्ता दोहोरो-तेहोरो फाइदाहरु छन् ।"

जनएकता सामुदायिक वनकी देउमाया वि.क.लाई चाहिँ "पहिले बेंसीमा मात्र हुने धान अहिले किन त्योभन्दा माथिल्लो उचाइमा हुन थाल्यो, हिमालहरूमा किन पहिलेभन्दा बढी कालो भाग देखिन थाल्यो, ठूला नदीमा किन पानी घट्दै गयो, पहिले बेलौती नै नफल्ने ठाउँमा कसरी बेलौती फल्न थाल्यो भन्ने जस्ता कुराहरु अचम्म लागेका" रहेछन् । देउमायाले भनिन्, "हरियो वनको सिकाइ केन्द्रमा छलफल भएपछि पो अहिले जलवायु परिवर्तनले गर्दा यस्तो भएको रहेछ भन्ने बुझियो त ।"

६० वर्षीया लालशोभा गुरूङको विश्लेषण थियो, "यस्ता धेरै कुरा सिकाउने र सहयोग गर्ने कार्यक्रम निकै पहिले नै आउनु पर्थ्यो । त्यसो भएको भए अहिलेको जस्तो धेरै कुरा बिग्रन नपाइकनै मान्छेले कुरा बुझिसक्थे । कार्यक्रम त अलि ढिलो पो आएछ ।"

- - - - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपालको जिल्ला महासङ्घ, पर्वतले तयार पारी उपलब्ध गराएको हो ।*



घटना-अध्ययन इकाई :
नेउलापुर गा.वि.स., बर्दिया

साझेदार संस्था :
राष्ट्रिय प्रकृति संरक्षण कोष र केएर नेपाल

स्थानीय साझेदार :
गोदाना महिला उपभोक्ता समूह र श्रीरामनगर मध्यवर्ती उपभोक्ता समिति

घटना-अध्ययन मिति :
वैशाख ३, २०७१ (अप्रिल १६, २०१४)



# जलवायु अनुकूलनतर्फ अग्रसर गोदाना

गोदानाकी ४० वर्षीया अनपुरा शाही बेला-बेला ओराही खोलाको किनारमा जान्छिन् । तारजालीभित्र ढुङ्गा हालेर गरिएको तटबन्धनमाथि बसेर टोलाउँछिन् । यही तटबन्धनको छेउमा अनपुराको आफ्नो घर-संसार र खेतबारी थियो । पोहोर साल आएको बाढीले सबै लग्यो । खेतबारीमा बँदेल आउँदा लखेट्ने उनको कुकुर चंखेले ओराही खोलाको भयानक बाढीलाई चाहिँ लखेट्न सकेन । अनपुरा आँखाबाट दुई थोपा आँशु चुहाएर अड्की-अड्की भन्छिन्, "क्यार्नु ! रूनमात्रै मन लाग्छ । सबै गयो । नौ-दश क्वीन्टल त धान मात्रै फल्थ्यो । कहिलेकाहीँ त आफूपनि यही खोलामा बगेर मरिजाऊँ जस्तो लाग्छ ।"

बर्दिया जिल्लाको नेउलापुर गाविस, वडा नं. ९ मा पर्ने यो गोदाना गाउँमा अनपुराको जस्तो दुःख धेरै पहिलेदेखि बासिन्दाले वर्षेनी भोग्दै आएका छन् । यसपाला ओराही खोलाले लक्ष्मी शाहीको जमिन काटिरहेको छ । उनको घर र खेत कसरी जोगाउने भन्ने चिन्ताले गाउँलेहरूलाई सताएको छ । गोदानामा अकस्मात आउने बाढीले मात्र होइन, अरु पनि धेरै कुराले असर पारिरहेका छन् । उनीहरूको दोस्रो ठूलो समस्या खडेरी हो । कुराकानीको क्रममा आफ्नो बारीको काँक्रा काटेर दिँदै ४५ वर्षीया विमला योगीले भनिन्, "पहिले-पहिले त यतिखेर (बैशाखको पहिलो हप्तातिर) राम्रैसँग दुई-चार झर पानी पर्थ्यो । आजकल पर्नै छाड्यो । त्यही भएर यो काँक्रा पनि अलि बढी नै तीतो होला ।" अरूले थपे, "बारीमा तरकारी फस्टाउनै छाड्यो । समयमा बीउ राख्न समेत मुश्किल हुन्छ । मान्छेलाई पनि त टाउको दुःख्ने, आँखा पाक्ने र ज्वरो आउने समस्याहरु बढेका छन् ।"

गोदानाको तेस्रो समस्या चाहिँ पाँच-सात वर्षअघिदेखि देखापरेको 'राउन्ने झार' हो । खेतबारी र वन जङ्गलका घाँसे मैदानहरूमा अरू बालीनाली, घाँस र घर छाउने खर उम्रनै नदिने गरी यो झार पलाउन थालेको छ । वनभित्र घाँसको ठाउँमा 'राउन्ने' उम्रेर वन्यजन्तुको आहारामा समेत असर पर्न थालेको छ । वन्यजन्तुहरु मानिसहरूका खेतबारीमा आएर बालीनाली नोक्सान गर्ने क्रम बढेको छ । विमला योगी र उनका श्रीमान् जनकनाथ योगीले एउटा सानो बोरामा आधाभन्दा अलिकति मात्र बढी रहेको गहुँ देखाउँदै भने, "१२ कट्ठा जति जमिनमा लगाएको गहुँ वनका जन्तुले खाइदिएर २० किलो जतिमात्र भित्र्याउन पाइयो ।" २३ वर्षीय युवा विश्वनाथ योगीले अर्को समस्या पनि उल्लेख गरे, "जमिनको उत्पादन क्षमता समेत घट्दै गएको छ ।"

गोदानाका बासिन्दाहरूले यस्ता समस्याहरु जलवायु परिवर्तनका कारणले र प्राकृतिक श्रोतको गलत ढङ्गले उपयोग गर्नाले नै भएको हो भन्ने ठान्न थालेका छन् । यस्ता समस्याहरूबाट कसरी जोगिने भनेर उनीहरूले हरियो वन कार्यक्रम अन्तर्गत प्रशस्त छलफल गरेर समुदायस्तरीय जलवायु परिवर्तन एकीकृत अनुकूलन योजना बनाइसकेका छन् । यो अनुकूलन योजना बनाउन राष्ट्रिय प्रकृति संरक्षण कोष र सो मार्फत् नेउलापुर गाविसका ३० वटै उपभोक्ता समूहको छाता सङ्गठनको रूपमा रहेको श्रीरामनगर मध्यवर्ती उपभोक्ता समिति तथा केएर नेपालले समेत सहयोग र सहजीकरण गरेका छन् ।

गाउँमा सञ्चालन भएको यो योजनाका मूलभूत जानकारीहरु लेखिएको समुदायस्तरीय जलवायु परिवर्तन अनुकूलन योजनाको सामाजिक स्रोत तथा जोखिम नक्साङ्कनलाई ठूलो साइनबोर्ड बनाएर गाउँ प्रवेश गर्ने बाटोमै राखिएको छ । जलवायु परिवर्तन अनुकूलन योजना व्यवस्थापन समितिकी अध्यक्ष विमला योगीले





## आशाका किरण

ओराही खोलामा तटबन्धनका लागि स्थानीय समुदाय तथा श्रीरामनगर उपभोक्ता समितिको पहलमा भू-संरक्षण कार्यालय, धनगढीले ७० थान तारजाली र ९६ हजार रुपैयाँ उपलब्ध गराउँदैछ भने केएर नेपालले ५० हजार रुपैयाँ उपलब्ध गराउँदैछ । अनुकूलन योजनामा उल्लेख भएका जीविकोपार्जन सुधार योजना तयार गरी कार्यान्वयन गर्न केएर नेपालले एक लाख रुपैयाँ र समितिले २० हजार रुपैयाँ लगानी गरेका छन् । यो रकमले समुदायका १२ घरधुरीको जीविकोपार्जन सुधार हुने अपेक्षा छ । सामुदायिक वन उपभोक्ता महासङ्घ, बर्दियाले पनि जलवायु परिवर्तन सचेतीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ ।

भनिन्, "यसको विस्तृत विवरण पनि भएकाले बेला-बेला त्यसैलाई हेरेर के के कामहरू गर्नुछ भनेर छलफल गरी सोहीअनुसार काम गर्छौं ।" विमला गोदाना महिला उपभोक्ता समितिकी अध्यक्ष पनि हुन् ।

कुराकानीको क्रममा, योजनाअनुसार अहिलेसम्म गरिसकेका कामहरूका बारेमा पनि स्थानीय बासिन्दाहरूले बताए । जसअनुसार, उनीहरूले पहिलो प्रमुख समस्याको समाधानका लागि ओराही खोलाको करिब २०० मिटर किनारामा पशुवस्तु चर्न, घाँस काट्न र आगो लाग्न नदिएर काँसको संरक्षण गरेका छन् । गाउँ जोगाउन मात्र २०० मिटरको काँसको घारी पर्याप्त नभएकाले यसलाई अझ बढाउने उनीहरूको सोच रहेको अध्यक्ष विमलाले बताइन् । नदीको धारले सिधा धक्का दिने ठाउँमा विभिन्न निकायको सहयोगमा तटबन्धन र वृक्षारोपणका कामलाई पनि निरन्तरता दिइरहने विमलाको भनाइ छ । विमला आफैंले केही जमिन दिएर त्यसमा समूहको भवन बनाउने काम भइरहेको र यो भवनले बाढी पीडितका लागि केही समय आश्रय पनि दिनसक्ने उनीहरूको ठम्याइ छ ।


तरकारी लगायत बालीनालीका लागि आवश्यक सिँचाइ गर्न उनीहरूलाई राष्ट्रिय प्रकृति संरक्षण कोषबाट बोरिङ र पानी तान्ने मोटर दिइएको छ तर भविष्यमा कुलो नै बनाउन सके यसको दिगो समाधान हुने स्थानीय बासिन्दाहरूको धारणा छ । उनीहरू भन्छन्, "अब परम्परागत बालीमा मात्र भर नपरी नयाँ बालीनाली र खेती गर्ने तरिका पनि भित्र्याउनु आवश्यक छ ।" जङ्गली जीवजन्तुबाट बालीनाली जोगाउन तारबारको व्यवस्था गर्नेबारे राष्ट्रिय प्रकृति संरक्षण कोषसँग कुराकानी भइरहेको छ । जमिनको उत्पादकत्व बढाउन रासायनिक मलको सट्टा गोठेमल, कम्पोष्ट मल र अन्य जैविक मलहरू प्रयोग गर्नुपर्छ भन्ने कुरा पनि स्थानीय बासिन्दाहरूले बुझेका छन् ।

यस्ता कुराहरूका बारेमा हरियो वन कार्यक्रमअन्तर्गत नै केएर नेपालको सहयोग तथा श्रीरामनगर उपभोक्ता समितिको सहजीकरणमा सञ्चालन भएको सामुदायिक सिकाइ तथा कार्य केन्द्रबाट पनि गोदानाका महिलाहरूले आपसमा छलफल गर्दै धेरै कुराहरू सिकेका छन् ।

समूहकी अध्यक्ष विमलाको भनाइ छ, "हामीले बनाएको हाम्रो गाउँको जलवायु परिवर्तन अनुकूलन योजना र सोही अनुसार हरियो वन कार्यक्रमबाट प्राप्त सहयोग हाम्रा लागि निकै महत्वपूर्ण भएको छ । यसले हामीलाई धेरै कुराहरू सिक्न, आफू पनि बच्न र प्रकृतिलाई पनि बचाउन के कस्ता कामहरू गर्ने भन्ने कुरा सम्झाइरहन्छ ।"

\- - - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा राष्ट्रिय प्रकृति संरक्षण कोषले तयार पारी उपलब्ध गराएको हो ।*





घटना-अध्ययन इकाई :
बेला गा.वि.स., दाङ

साझेदार संस्था :
डब्लुडब्लुएफ नेपाल, तराई भू-परिधि कार्यक्रम

स्थानीय साझेदार :
वन तथा वातावरण संरक्षण समन्वय समिति, गढवा, दाङ

घटना-अध्ययन मिति :
वैशाख १, २०७१ (अप्रिल १४, २०१४)

# सुधारिएको चुलोले सपारिएको जीवन

दाङ जिल्लाको बेला गा.वि.स.-२, काठबेरूवाकी ३० वर्षीया मञ्जु चौधरी आजकल 'सुधारिएको चुलो बनाउन जान्ने' भनेर धेरै टाढा-टाढाका गाउँहरूसम्म पनि चिनिन्छिन् । उनकी छोरी सरिता चौधरी भन्छिन्, "मलाई पनि ममीले यो चुलो बनाउने काम गरेको राम्रो लागेको छ । यसबाट गाउँमै ममीले दुई-चार पैसा कमाउन थाल्नु भएको छ ।" मञ्जुका ससुरा जञ्जीरूले पनि बुहारीको यो कामको सराहना गरे । उनले भने, "यसबाट दुईचार पैसा मिल्छ र घरको सानोतिनो खर्च पनि चलिहाल्छ । यस्तो चुलोमा दाउरा पनि धेरै कम लाग्दो रहेछ ।"

मञ्जुले एउटा चुलो बनाएको ज्याला बापत तीन सय रूपैयाँ पाउने गरेको बताइन् । दाङका गुरूङ खोला, पतरिङ्गा, बडहरा र काठबेरूवा गाउँहरूमा आजकल धेरै मानिसहरूले मञ्जुले बनाएको सुधारिएको चुलो प्रयोग गर्ने गरेका छन् । यसबाट भएको आम्दानी जोगाएर यी विपन्न परिवारकी मञ्जुले २५ हजार रूपैयाँमा राँगा पनि किनेकी छिन् । एकवर्षसम्म राँगा पालेर बढी मूल्यमा बेच्ने उनको योजना छ ।

वन तथा वातावरण समन्वय समिति, गढवा, दाङका अध्यक्ष उमाकान्त पन्त र स्रोत व्यक्ति अनुराग यादवले यस क्षेत्रमा सुधारिएको चुलोको सुरूआत कसरी भयो भन्ने कुरा बिर्सेका छैनन् । उनीहरूका अनुसार, तराई भू-परिधि कार्यक्रको सहयोगमा सो समितिले २०६५ सालदेखि नै जनसंख्या, स्वास्थ्य तथा वातावरण सम्बन्धी कार्यक्रमहरु चलाइरहेको थियो । यसै सिलसिलामा २०६६ सालमा दाङकै कक्रहवा गाउँमा वनमा चाप कम गर्नेपर्छ भन्ने विषयमा स्थानीय बासिन्दाहरूलाई सहजीकरण गरिरहँदा सहभागीहरूले अरू विभिन्न कुराहरूका साथै "खाना बनाउनै पर्छ, त्यसका लागि चाहिने दाउरा वनबाट ल्याउनै पर्छ, अनि कसरी वनमा चाप कम गर्ने ?" भन्ने प्रश्न उठाए । यसका बारेमा तराई भू-परिधि कार्यक्रमसँग पनि कुराकानी गरेर "वनमा चाप कम गर्न बायोग्याँस वा कम दाउराले नै बढी खाना पकाउन सकिने सुधारिएको चुलो प्रयोग गर्ने" सल्लाह दिइयो । तर, सल्लाहले मात्र काम चल्नेवाला थिएन । त्यसैले यसका लागि हरियो वन कार्यक्रमकै सहयोगमा चुलो बनाउन सिकाउने तालिमहरु आयोजना गरिए । तीमध्ये तीनवटा तालिममा यस क्षेत्रबाट १३ जनाले भाग लिने मौका पाए । तालिममा यस्तो सीप सिकेकाहरूमध्ये कतिपय वैदेशिक रोजगारीमा गए भने कसैले चाहिँ त्यति वास्ता गरेनन् । समितिका अध्यक्ष उमाकान्त भन्नुहुन्छ, "तर, तालिम लिएकाहरूमध्ये बेला गाविसको वार्ड नम्बर ४ की छम्मा चौधरी र वार्ड नम्बर २ की मञ्जु चौधरीले चाहिँ सीप पनि राम्रैसँग सिकेछन् र काम पनि राम्रैसँग गरिरहेका छन् ।" उमाकान्तका अनुसार सुधारिएको चुलो बनाउन हरियो वन कार्यक्रमले तराई भू-परिधि कार्यक्रममार्फत् तालिममा सहयोग गर्नुका साथै त्यसमा लाग्ने फलाम, मिस्त्री ज्याला र इँटा जस्ता सामग्रीहरूमा हुने खर्चका लागि अनुदान दिने गरेको छ । उनी थप्छन्, "हामी पनि पाँचवटा दाउराले पकाउने खाना दुईवटै दाउराले पकाउन सक्ने यो चुलोको प्रयोग अझै बढाउन खोज्दैछौं ।"

छम्मा चौधरी भने यस घटना-अध्ययनका बेला गाउँमा भेटिइनन्, मञ्जुमात्र भेटिइन् । मञ्जुले हरियो वन कार्यक्रमकै सहयोगमा यो





विशेष गरी बायोग्याँस पनि जडान गर्न नसक्ने विपन्न घरधुरीका लागि सुधारिएको चुलो उपयुक्त छ र हरियो वन कार्यक्रमले सुधारिएको चुलो जडान गर्न सहयोग गरिरहेको छ । हालसम्म कार्यक्षेत्रमा ३,८१५ वटा सुधारिएको चुलो जडान गरिएका छन्, जसका कारण १०,९०९ महिला र ११,३०२ पुरुषको जीवनयापन सहज र सरल बनेको छ ।

चुलो बनाउने पाँचदिने तालिम लिएको बताइन् । उनी एकमुखे र दुईमुखे चुलो निकै राम्रोसँग बनाउन जान्दछिन् । उनले भनिन्, "एकपटक फेरि तालिम लिएर तीनमुखे चुलो पनि बनाउन जान्ने हुन पाए झन् राम्रो हुन्थ्यो । कतिपयले त त्यस्तै तीनमुखे चुलो बनाइदिनु भन्छन् ।" हरियो वन कार्यक्रमका तर्फबाट मञ्जुको गाउँमा सामाजिक परिचालकको रूपमा काम गर्ने सुलोचना चौधरीले आजकल गाउँबाट दाउरा लिन वन जानेहरूको संख्या पहिलेभन्दा धेरै घटेको उल्लेख गर्दै अर्को पनि अनुभव सुनाइन्, "पहिले दुईचार जनाका अगाडि बोल्नै नसक्ने मञ्जु अहिले धेरै मानिसहरूलाई चुलो बनाइदिने सिलसिलामा थुप्रै कुराहरू बताइदिनु पर्ने भएकाले समाजमा आफ्ना कुराहरू पनि निर्धक्क राख्नसक्ने भएकी छिन् ।"

मञ्जुको काठबेरूवा टोलमै रहेका १८ घरपरिवारमध्ये १५ घरले मञ्जुले बनाइदिएको सुधारिएको चुलो राखिसकेका छन् । यस्तो चुलो राख्ने सोही टोलकी २१ वर्षीया लक्ष्मी चौधरी भन्छिन्, "सुधारिएको चुलो राखेपछि त पोहोर साल ल्याएको दाउरा अहिलेसम्म सकिएकै छैन । जङ्गल जानै परेको छैन । मञ्जुले बनाइदिएको यो चुलो त धेरै राम्रो रहेछ । खुबै सुविस्ता भयो ।" आफ्नै सुधारिएको चुलोमा बेलुकीको खाना बनाउन लागेकी लक्ष्मीको अनुहार निकै प्रसन्न देखिन्थ्यो ।

- - - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा तराई भू-परिधि कार्यक्रमका लागि कैलालीका पत्रकार जयबहादुर बुढाले सङ्कलन गरी उपलब्ध गराउनु भएको हो ।*





घटना-अध्ययन इकाई :
वेनीपाखा सामुदायिक वन, धादिङ

साझेदार संस्था : सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल

स्थानीय साझेदार :
वेनीपाखा सामुदायिक वन उपभोक्ता समूह

घटना-अध्ययन मिति :
वैशाख १२, २०७१ (अप्रिल २५, २०१४)

# महिला सक्रियताले बदलियो गाउँ

"पहिले त सामुदायिक वनको समितिले के काम गर्छ र त्यसबाट हामीलाई के फाइदा हुन्छ भन्ने थाहै थिएन । गाउँमा यो हरियो वन कार्यक्रम आएर सिकाइ केन्द्र खुल्यो अनि बल्ल हामी दिदी-बहिनीका पनि आँखा खुले ।" वेनीपाखा सामुदायिक वन उपभोक्ता समितिकी उपाध्यक्ष विमला सेढाईंका अनुसार पहिले पुरूषहरूकै बढी सक्रियता हुने सामुदायिक वन उपभोक्ता समितिमा अहिले महिलाहरूको पनि उत्तिकै सक्रियता देखिन थालेको छ । कुल ११ सदस्यीय सो समितिमा अहिले आधाभन्दा बढी महिलाहरु नै छन् ।

धादिङ जिल्लाको सलाङ गाविस, वडा नं. ५ मा रहेको विमलाहरूको यो गाउँमा २०६९ माघ २६ गतेदेखि हरियो वन कार्यक्रम शुरू भएको हो । कार्यक्रम शुरू भएको एक महिना पनि पुग्दानपुग्दै यहाँ सामुदायिक सिकाइ तथा कार्य केन्द्र शुरू भयो । सिकाइ केन्द्रमा गाउँका महिलाहरु भेला भएर आफ्ना लागि उपयोगी हुनसक्ने धेरै विषयहरूमा छलफल गर्न थाले । छलफलकै क्रममा सामुदायिक वन विकास मार्गदर्शन-२०६५ का बारेमा पनि कुरा भयो । विमला भन्छिन्, "त्यही छलफल हुँदा थाहा भयो, सामुदायिक वन उपभोक्ता समितिमा आधा त महिला नै हुनुपर्ने रहेछ । समितिले के कस्ता काम गर्नुपर्छ अनि महिला, गरिब र समाजमा पछाडि परेकालाई कस्तो सहयोग गर्नुपर्छ भन्ने पनि त्यही छलफलबाट थाहा पाइयो ।"

विमलाहरूको गाउँमा सिकाइ केन्द्र शुरू हुनुभन्दा दुई महिनाजति अघिमात्र सामुदायिक वन उपभोक्ता समूहको साधारणसभा भइसकेको थियो तर त्यसमा मार्गदर्शनअनुसार महिला सहभागिता नभएकाले फेरि साधारणसभा बोलाइनु पर्छ भनेर आवाज उठाएपछि २०७० जेठ २४ गते साधारणसभा आयोजना भयो । त्यसबाट नयाँ कार्यसमितिमा उपाध्यक्ष, सहसचिव र चारजना कार्यकारी सदस्यसहित छजना अर्थात् आधाभन्दा बढी नै महिलाहरु चुनिए ।

कल्लेरीकी ३३ वर्षीया भक्तिमाया दर्लामी भन्छिन्, "सिकाइ केन्द्रमा सिकेर समितिमा गएको मात्र होइन बरू यो केन्द्रबाट अरू पनि धेरै कुराहरु सिकियो । वनमा किन डढेलो लाग्न दिनु हुँदैन, कसरी आम्दानी बढाउन सकिन्छ अनि यो जलवायु परिवर्तन र त्यसबाट कसरी बच्ने भन्ने कुरा सप्पै त्यहीँ त सिकेको हो नि । पहिले त कहाँ थाहा थियो र !" गेसटारकी ३१ वर्षीया जानुका रूपाखेतीले सम्झँदै थपिन्, "सिकाइ केन्द्रबाट त कहिल्यै नगरेको र नजानेको जङ्गल गोड्ने कुरा पनि पो थाहा भयो ।" उनले झाडी सरसफाइ र अग्नीरेखा रेखा निर्माणका कामहरूलाई जङ्गल गोड्ने नाम दिएकी हुन् । कार्यसमिति सदस्य दुर्गा थापाका अनुसार हरियो वन कार्यक्रमले सिकाइ केन्द्र लगायतका विभिन्न छलफल तथा कार्यक्रमहरूबाट वनलाई छोराछोरीलाई जत्तिकै माया गर्नुपर्छ भन्ने कुरा मनभित्रै जगाइदिएको छ ।

यहाँका महिलाहरूले आफ्नो आम्दानी कसरी बढाउने भन्ने बारेमा पनि सिकाइ केन्द्रमा छलफल गरे । त्यही छलफलका आधारमा गाउँबाट निकै तल बगिरहेको त्रिशुली नदीको पानी तान्नसके उनीहरूका टारबारीमा पनि राम्रैसँग तरकारी फलाउन सकिन्थ्यो भन्ने कुरा आयो । उनीहरूले यसका लागि हरियो वन कार्यक्रममा





सामुदायिक सिकाइ तथा कार्य केन्द्रको पाठ्यक्रममा यी प्रमुख विषय सम्मिलित छन्: जैविक विविधता, सुशासन, विपन्नमुखी जीविकोपार्जन सुधार, जलवायु परिवर्तन, जलश्रोत तथा उर्जा, एचआइभी र एड्स, महिला अधिकार, लिंग तथा लैंगिकता, सामाजिक समावेशिता, तथा मूलप्रवाहीकरणका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रावधान ।

कुरा राखेपछि कार्यक्रमले आठवटा पानी तान्ने मोटर र पाइपका लागि सहयोग गऱ्यो । कुराकानीका क्रममा भेला भएका २१ जनामध्ये १९ जनाले हात उठाएर आफूहरूले अहिले तरकारी खेती गरिरहेको बताए ।

जानुका रूपाखेती हरियो वन कार्यक्रमको सहयोगमा त्रिशुली नदीबाट मोटरले तानेको पानी आफूले लगाएका घिरौंलाका भाङहरूमा हालिरहेकी थिइन् । मञ्जु सेढाईंले चाहिँ आफूले सो सिँचाइ सुविधाबाट उत्पादन गर्न सकेका लौकाहरू देखाइन् । उनीहरूले तरकारीका बोटका फेदमा चिस्यान कायम राख्न वनबाट सङ्कलन गरेर ल्याएका पातहरूको छापोसमेत दिने गरेका रहेछन् । मञ्जुले बताइन्, "एकपटकमा दुई क्विन्टल जति लौका टिपिन्छ । यसरी टिपेको लौका त्रिशुली नदी पारीको सलाङघाट बजारमा रहेको तरकारी सङ्कलन केन्द्रमा पुऱ्याएपछि सरदर २० रूपैयाँ प्रति के.जी.का दरले बिक्री हुन्छ । एक सिजनमा ३० पटकजति लौका टिपिन्छ । गर्दाखेरी र सिँचाइ गर्नलाई पानी हुँदाखेरी त फाइदै छ ।"

अहिले यस क्षेत्रका बासिन्दाहरूको सबैभन्दा ठूलो दुःख भनेको चाहिँ मान्छे र आफूले गरेका तरकारी लगायतका उत्पादनहरू त्रिशुली नदी पारी पुऱ्याउनु हो । त्रिशुलीमा निकै धराप अवस्थामा पुगिसकेको तुइन ज्यानको बाजी लगाएर हातबाट रगतका छिर्काहरू झार्दै तानेर पारी पुऱ्याउनु कम दुःखको कुरा छैन । तुइन तान्ने दुःखलाई बिर्सने हो भने अरू कुरामा चाहिँ गाउँमा धेरै सुधारहरू आएका छन् । ४८ वर्षीय स्थानीय उपभोक्ता अम्बर बहादुर दर्लामी भन्छन्, "सिकाइ केन्द्र खुलेपछि त महिलाहरू निकै जान्ने भइहाले नि । सामुदायिक वनको नेतृत्वमा यिनीहरू आएपछि काठ लुकाउने र भ्रष्टाचार गर्ने जस्ता काम पनि भएको छैन ।" सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामप्रसाद सेढाई पनि महिलाहरूको यो सक्रियताबाट खुशी छन् । भन्छन्, "वनमा घाँस-दाउरा गर्ने धेरजसो महिलाहरू नै हुन् । त्यसैले उनीहरूलाई सामुदायिक वनका बारेमा जान्ने नबनाएर त हुँदै हुँदैन भनेरै सबैले साथ र सहयोग दिँदै अगाडि बढाउन खोजेका हौं ।" यसरी महिला नेतृत्व अभिवृद्धिका निम्ति पुरूष नेतृत्ववर्गको उत्प्रेरणात्मक सहयोग पनि प्राप्त भएको छ ।

- - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपालको जिल्ला महासङ्घ धादिङकी फिल्ड कार्यक्रम संयोजक सुष्मा सिलवाल थपलियाले उपलब्ध गराउनु भएको हो ।*





घटना-अध्ययन इकाइ :
लामाचौर गा.वि.स-८, कास्की

साझेदार संस्था :
केएर नेपाल

स्थानीय साझेदार :
भूमेपुज्ने तीस ढुङ्गे सा.व.उ.स.

घटना-अध्ययन मिति :
वैशाख २०, २०७१ (मे ३, २०१४)

# घार्मीमा फैलिँदै अदुवा खेती

अब खडेरी लागे पनि पोखरा नजिकैको पूर्वोत्तर पहाडी पाखामा रहेको भूमेपुज्ने तीसढुङ्गे सामुदायिक वनका उपभोक्ताहरूलाई त्यत्ति डर छैन । खडेरी सहनसक्ने बालीहरूको खेतीपाती गर्न सकिएला भन्ने आशा पलाएको छ । उनीहरूले अदुवा-बेसार जस्ता बालीहरु व्यावसायिक रूपमै लगाउने अभ्यास गर्न थालेका छन् । सो वन उपभोक्ता समूहकी २९ वर्षीया उपभोक्ता सदस्य ऋषिका सुनार उनको गाउँबाट तल गहिरोमा रहेको पोखरा शहरतिर औंल्याउँदै भन्छिन्, "छेउमै त्यत्रो ठूलो शहर र होटलै-होटल भएको ठाउँ भएपछि बजारको कुनै समस्या छैन । अदुवा-बेसार भनेको आजको भोली नै बिग्रिहाल्ला भन्नेपनि होइन । केही समयसम्म भाउ कुरेर बस्न पनि सकिन्छ । साँच्चै भन्ने हो भने, हामीलाई अब भविष्यमा अदुवा-बेसारले नै बचाउला जस्तो लागेको छ ।" यस वन उपभोक्ता समूहका ८५ घरधुरी उपभोक्तामा ८२ घरधुरी सुनार (दलित जाति) र तीन घर धुरी जनजाति छन् ।

कास्की जिल्लाको लामाचौर गा.वि.स., वडा नं. ८ मा पर्ने यस घार्मी गाउँका ऋषिका, कविता, विष्णुमाया, लुरी र बीनाले सिमसिम पानी परिरहेका बेला घुम ओढेर भएपनि आफूहरूले सामूहिक रूपमा अदुवा लगाएको ठाउँ देखाए । उनीहरूले जमिनमा अदुवा रोपेर जङ्गलबाट सुकेका पातहरु ल्याएर त्यसलाई छोपेका रहेछन् । कविताले भनिन्, "अरू बालीनालीभन्दा बढी खडेरी सहनसक्ने भएपनि उम्रने बेलामा यसरी छापो दिंदा राम्रो हुने रहेछ ।"

यी सुनार जातिका दलित महिलाहरु हरियो वन कार्यक्रमअन्तर्गत गाउँमा सञ्चालन भएको सामुदायिक सिकाइ तथा कार्य केन्द्रका सदस्यहरु हुन् । सो केन्द्रमा २५ जना महिलाहरूले प्रत्येक हप्ता भेला भएर आफ्ना समस्या र तिनको समाधान तथा आफूहरूका लागि उपयोगी कुराहरूका बारेमा छलफल गर्ने गरेका छन् । यसै क्रममा उनीहरूले २०६९ सालको पुस-माघतिरको छलफलमा 'आजकल बढी खडेरी पर्न थालेको, समयमा बालीनाली लगाउन नसकिएको, बालीमा कीराहरूको प्रकोप बढेको, हिउँदे र बर्षे दुवै झरी कम हुँदै गएको, पानीका पोखरी, आहाल र मूलहरु सुक्दै गएको' जस्ता कुराहरु उठाए । जलवायुसम्बन्धी यस्ता नयाँ समस्याहरु देखिएकाले उनीहरूले यसमा कसरी अनुकूलन गर्ने भन्नेबारेमा पनि छलफल गरे । यसै छलफललाई अगाडि बढाउँदै उनीहरूले हरियो वन कार्यक्रमको सहयोगमा २०७५ सालसम्मका लागि आफ्नो गाउँको 'जलवायु परिवर्तन अनुकूलन योजना' नै निर्माण गरे । योजनाअनुसार अनावृष्टि र अतिवृष्टि सहनसक्ने नगदे बालीको रूपमा अदुवा र बेसारलाई पहिचान गरियो ।

पहिलेदेखि नै गाउँघरमा एक-दुईबोट अदुवा-बेसार लगाउने गरिएकाले यसको खेती ग्रामीण महिलाहरूका लागि खासै नौलो थिएन । त्यसैले उनीहरूले यो काम शुरु गरिहाल्ने अठोट गरे । सबैभन्दा पहिले सिकाइ केन्द्रका महिलाहरूले संयुक्त रूपमा सामुदायिक वनका उपाध्यक्ष रामबहादुर सुनारको बाँझो जमिन लिएर २०६९ सालको चैत-वैशाखतिर २५ के.जी. अदुवा लगाए । २०७० सालको मङ्सिरमा १२५ के.जी. उत्पादन भयो । यसबाट उत्साहित भएर २०७१ सालको बैशाखमा उनीहरूले स्थानीय





समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजनाको कार्यान्वयनका माध्यमबाट हरियो वन कार्यक्रमले पाँच वर्ष भित्रमा २४,००० संकटासन्न सदस्यहरुलाई लाभान्वित गर्ने लक्ष्य लिएको छ ।

विन्दु के.सी.ले दिएको जग्गामा अझ दोब्बरै थप गरेर ५० के.जी. अदुवाको बीउ लगाएका छन् । यसको अलावा धेरैजसोले आफ्नै जमिनमा व्यक्तिगत रूपमा पनि प्रशस्त मात्रामा अदुवा-बेसार लगाएका छन् । स्थानीय बीना वि.क.ले यसपाला व्यक्तिगत रूपमा नै चार आना जति जग्गामा व्यावसायिक रूपमा अदुवा खेती लगाएकी छिन् । पानबहादुर सुनारले पनि तीन आनामा र अरु पनि धेरैले आ-आफ्नो जग्गामा अदुवा र बेसारको खेती शुरु गरिसकेका छन् ।

महिलाहरूले छलफल गर्ने सामुदायिक सिकाइ केन्द्रमा हरियो वन कार्यक्रमका तर्फबाट सहजीकरण गर्ने स्थानीय स्रोतव्यक्ति कोपिला के.सी.ले भनिन्, "यहाँको प्रयास देखेर अहिले त वडा नं. ७ का मानिसहरूले पनि अदुवा-बेसार गरेर ५० के.जी. बीउ लगाएका छन् । यी महिला दिदी-बहिनीले हरियो वन कार्यक्रमले सामुदायिक सिकाइ केन्द्रमा खाजा खान दिएको पैसा खर्च नगरी जोगाएर त्यसैबाट बीउ खरिद गरी अदुवा खेती शुरु गरेका हुन् ।"

स्थानीय सामुदायिक वन उपभोक्ता समूहका उपाध्यक्ष रामबहादुर सुनार भन्छन्, "घाम-पानी पनि सहन सक्ने र हाम्रोजस्तो ठाउँमा खेती गर्दाखेरि राम्रै हुने अदुवा-बेसारको खेती वर्षेपिच्छे फैलिँदै छ । यो खेतीले लक्षण राम्रै देखाउँदै छ ।"

\- - - - - - - - -

*यस परिवर्तनको कथा अध्ययन-पूर्व आवश्यक जानकारीको प्रारम्भिक मस्यौदा केएर नेपालका प्रतिज्ञा सिलवाल, श्वेता धौबडेल र सुकवीर थामीले तयार पारी उपलब्ध गराउनु भएको हो ।*



घटना-अध्ययन इकाई :
चेतना टोल, गेटा गा.वि.स-३, कैलाली

साझेदार संस्था :
सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल

स्थानीय साझेदार :
चेतना महिला सामुदायिक वन उपभोक्ता समूह

घटना-अध्ययन मिति :
२०७१ वैशाख ४ गते (अप्रिल १७, २०१४)



# वातावरणीय समस्यासँग जुध्दै, सिक्दै र जान्ने हुँदै

नदीको बगरमा फलिरहेको लौका देखाउँदै अस्टुनी चौधरीले भनिन्, "यो बगरमा लगाएको तरकारीबाट गएको पाँच महिनामा मेरै छ हजार रूपैयाँ जति आम्दानी भइसक्यो । अहिले पनि तरकारी फलिरहेकै छ । अब पछिसम्म कति फाइदा हुन्छ, हेर्दै जाउँ ।"

कैलाली जिल्लाको गेटा गाविस, वडा नं. ३ मा पर्ने चेतना टोलमा रहेको गोदावरी नदीको बगरमा अरू स्थानीय बासिन्दाहरु पनि काम गरिरहेका थिए । कोही तरकारी खेतीका लागि बालुवा सम्याउँदै थिए । कोही आफूले लगाएको काँक्राका बिरूवाको रेखदेख गर्दै थिए । कतै चाहिँ तरबुजाका बडेमानका डल्लाहरु मजाले फलिरहेका देखिन्थे । धेरैको जग्गा-जमिन बगाएर र मानिसहरूको जीवनलाई बिल्लीबाठ पारेर बनेको दुःखै-दुःखको प्रतीक यो बगर पनि यतिखेर सेतो बालुवामाथि तरकारीका हरिया बोटहरूले गर्दा सुन्दर देखिन्थ्यो ।

स्थानीय बासिन्दाहरूले अब 'बाढीले सर्वनाश पार्‍यो भनेर रोएर बसेरमात्रै हुँदैन, बरु यस्तो अवस्थामा पनि के गरेर उन्नति होला भन्ने कुरातिर लाग्नु नै वेश हुन्छ' भन्ने बुझ्न थालेका रहेछन् । यसका लागि उनीहरूले आफ्नो 'जलवायु परिवर्तन अनुकूलन योजना' बनाएर सामुदायिक वन उपभोक्ता महासङ्घ र गाउँ विकास समितिबाट समेत अनुमोदन गराइसकेको स्थानीय चेतना महिला वन उपभोक्ता समूहकी पूर्व अध्यक्ष नारूदेवी ऐरले बताइन् । ऐरको पनि पाँचकट्ठा जमिन यही नदीमा २०६८ सालमा आएको बाढीले बगाएको रहेछ । अस्टुनी चाहिँ सो समूहकी वर्तमान अध्यक्ष हुन् । अस्टुनीले थपिन्, "हामीलाई त्यो योजना बनाउन र योजनाअनुसार काम गर्न हरियो वन कार्यक्रमबाट सहयोग मिलिरहेको छ । नत्र त त्यस्तो योजना कसरी बनाउने र कसरी काम गर्ने भन्ने हामीलाई थाहै थिएन ।"

कुल ६९ घरधुरी सदस्य रहेको यस समूहमा हरियो वन कार्यक्रमको सहयोगमा जलवायु परिवर्तन अनुकूलन योजना पनि २०६९ सालमै बनिसकेको हो । यस योजनाअनुसार बगरमा तरकारी खेती गर्नेमात्र नभई उनीहरूले नदी किनारमा ५५० मिटर लामो तटबन्धन पनि निर्माण गरिसकेका छन् । खोला किनारमा बाँस गाडेर त्यसमा बाँसकै भाटा बुनेर त्यसभित्र माटो र बालुवा हालिएका हजारौं बोराहरु राखेर तटबन्ध बनाएका छन् । यस तटबन्ध र जमिनको बीचको भागमा काँस जस्ता झाडी हुने घाँसहरु उम्रन दिएका छन् ।

यस समूहकी संस्थापक अध्यक्ष देवी ओझाका अनुसार उनीहरु यस्तो ठाउँको घाँस कसैलाई काट्न दिँदैनन् । त्यसपछिको भागमा चाहिँ उनीहरूले रूख प्रजातिका बिरूवाहरु रोपेर हुर्काउँदैछन् । हाल समूहका क्रियाकलापको अनुगमन समितिकी संयोजक रहेकी ओझा भन्छिन्, "तटबन्ध बनाउने र वृक्षारोपण गर्ने काममा हरियो वन कार्यक्रमले करिब दुई लाख रूपैयाँ बराबरको सहयोग गरेको छ । त्यसमा वन समूहले पनि केही रकम थपेको छ र बाँकी चाहिँ हामी उपभोक्ताहरु आफैंले श्रमदान गरेका छौं ।" नारूदेवी भन्छिन्, "अब चाहिँ पहिलेजस्तो बाढीले बगाइहाल्ने हो कि भनेर राति नै उठेर भाग्नुपर्ने हुँदैन कि भन्ने लागेको छ ।"

सामुदायिक वन उपभोक्ता महासङ्घ, कैलालीका स्थायी समिति सदस्य डण्डीराज सुवेदी नदी किनारमा बनाइएको तटबन्धनमै



जुन २०१४ को अन्त्यसम्ममा ३१३ वटा समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजनाको निर्माण हुनुका साथै २४४ वटा पारित भएका छन् र १८६ वटा कार्यान्वयनको चरणमा गएका छन् । यी ३१३ योजनाहरुको कार्यान्वयनले ३२,९५३ संकटासन्न घरधुरी लाभान्वित हुनेछन् ।



बसेर स्थानीय महिलाहरूसँग कुराकानी गरिरहेका थिए । उनले जनाएअनुसार स्थानीय चेतना र प्रशंसा महिला सामुदायिक वनहरूले हरियो वन कार्यक्रम र सामुदायिक वन उपभोक्ता महासङ्घको सहयोगमा यस्तो अनुकूलन योजना बनाएपछि गाविसमा पनि यसको प्रभाव परेको छ । गाविसले यस वर्षदेखि जलवायुजन्य प्रकोप रोकथाम गर्न आफ्नै बजेटबाट रकम छुट्याउने भएको छ ।

समूहका अनुसार हरियो वन कार्यक्रमले उनीहरूलाई जैविक तटबन्ध निर्माण र वृक्षारोपणका साथै समूहको सार्वजनिक सुनुवाइ, सुशासन आँकलन र सामुदायिक वन मार्गदर्शनसम्बन्धी अभिमुखीकरणमा पनि सघाउने र क्षमता अभिवृद्धि गर्ने काम गरेको छ । वन क्षेत्रको झाडी सफाइ, वन व्यवस्थापन र आगलागी नियन्त्रणसम्बन्धी सिकाइमूलक छलफलमा पनि हरियो वन कार्यक्रमले सघाएको छ ।

उपभोक्ताहरूको सम्पन्नता स्तरीकरण कार्यमा सघाएर विपन्न एवम् अति विपन्न वर्गमा परेकाको जीविकोपार्जनमा सहयोग पुर्‍याउन आर्थिक र प्राविधिक दुवै क्षेत्रमा हरियो वन कार्यक्रमबाट सहयोग उपलब्ध भएको छ । यही सहयोगका आधारमा व्यवस्था गरिएको घुम्तीकोषबाट विपन्न वर्गका उपभोक्तालाई कुनै आयमूलक काम गरेर जीविकोपार्जनमा सुधार ल्याउन बढीमा दुई वर्षका लागि आर्थिक सहयोग उपलब्ध गराउने गरिएको छ । सो कोषबाट १५ हजार रूपैयाँ पाई बंगुर खरिद गरेर पालिरहेकी सुकनी चौधरीले आफूले लगाएको प्याज बारीमा काम गर्दै भनिन्, "त्यसको केही रकम यस्तो तरकारी खेतीमा पनि लगाएकी छु । राम्रै फाइदा भइरहेको छ । गएको असोजदेखि यो चैत महिनासम्मको हिसाब गर्दा तरकारी खेतीबाटै १५-१६ हजार रूपैयाँ त आम्दानी नै भइसक्यो ।"

समूहकी उपाध्यक्ष चम्पादेवी साउद भन्छिन्, "हरियो वनकै सहयोगमा सञ्चालन भएको सिकाइ केन्द्रमा भाग लिएर अब त म पनि हाम्रो वातावरण कसरी बिग्रेको हो भन्ने कुरा जान्ने भएकी छु । जान्ने मात्र होइन हाम्रो डोटेली भाषामा त भाषणै गर्न पनि सक्छु ।" समूहकी सचिव सीता चौधरी पनि समूहको माइन्यूट लेख्न, रिपोर्ट बनाउन र लेखा राख्न सक्ने भएकी छिन् ।





घटना-अध्ययन इकाई :
जुमडाँडा, बन्दीपुर गा.वि.स., तनहुँ

साझेदार संस्था :
डब्लुडब्लुएफ नेपाल, चितवन-अन्नपूर्ण भू-परिधि कार्यक्रम

स्थानीय साझेदार :
गैरसरकारी संस्था समन्वय समिति तनहुँ तथा जुमडाँडा झप्री सा.व.उ.स.

घटना-अध्ययन मिति :
२०७१ वैशाख १९ गते (जुन २, २०१४)

# पात टिप्दै, पैसा कमाउँदै

"सालको पात त पात मात्रै होइन, पैसा हो ।" जुमडाँडाकी ४६ वर्षीया सुकमाया सूर्पाको भनाइ हो यो । तनहुँ जिल्लामा पर्ने नेपालकै प्रसिद्ध पर्यटकीय पहाडी बजार बन्दिपुर र सुकमायाहरूको गाउँ एउटै गाविसमा पर्छन् तर सुकमाया रहेको वडा नं. ६ अलि टाढा छ र यहाँ बन्दिपुर बजारमा जस्तो धेरै पर्यटकहरू आइपुग्दैनन् । त्यसैले सुकमाया अहिलेसालको पातबाटै पैसा कमाउने सुरमा छन् ।

सुकमायाको जुमडाँडा झप्री सामुदायिक वन उपभोक्ता समूहले हरियो वन कार्यक्रमको सहयोगमा गाउँमै सालको पातबाट एकैछिनमा धेरैवटा दुना-टपरी बनाउने मेसिन ल्याएपछि वन उपभोक्ताहरूमा नयाँ उत्साह पलाएको छ । उनीहरू कहिले वसन्त ऋतु सिद्धिएला र आफ्नो सामुदायिक वन र वरपर प्रशस्त पाइने सालका बोटहरूमा पात अलिक छिप्पिएलान् भनेर पर्खिरहेछन् । सो सामुदायिक वन उपभोक्ता समूहका सल्लाहकार तथा समूहले गठन गरेको 'दुना-टपरी व्यवस्थापन समिति'का सदस्य प्रेमनाथ ढुङ्गाना भन्छन्, "नछिप्पिएका कलिला पातहरूबाट मेसिनको 'डाई' (साँचो)ले दुना-टपरी बनाउन सक्दैन । छिप्पिएका पातहरू टिपेर तिनलाई केही दिन हावामा सुक्न दिइएपछि मात्र त्यसबाट राम्रा किसिमका दुना-टपरीहरू बन्दछन् ।"

२०६८ सालमा जुमडाँडालाई बन्दिपुर क्षेत्रको जलवायु परिवर्तनको जोखिममा रहेको ठाउँ ठहऱ्याएर हरियो वन कार्यक्रम यस क्षेत्रमा शुरु भयो । प्रारम्भमा कार्यक्रमले सो क्षेत्रका विपन्न तथा पछाडि पारिएका महिलाहरूलाई आपसमा भेला भएर छलफल गर्दै आफू, आफ्नो समाज र वातावरणको सरोकारका विषयहरूमा सिक्दै सिकाउँदै अघि बढ्ने 'सिकाइ तथा कार्य केन्द्र'मा सङ्गठित गऱ्यो । सो केन्द्रमा साप्ताहिक रूपमा भेला भएर छलफल गर्दा महिलाहरूले आफ्नो आयआर्जन बढाउने बारेमा कुरा गरे । सो केन्द्रकी ३० वर्षीया मीना रानामगरले आफ्नो माइती रहेको गोरखामा केही अघि आयोजना गरिएको 'महोत्सव'मा देखेको दुना-टपरी बनाउने मेसिन सम्झिइन् । उनले जुमडाँडामा पनि सालका रूखहरू भएकाले त्यस्तो मेसिन ल्याए प्रशस्त दुना-टपरी उत्पादन गर्न सकिने कुरा राखिन् । पर्यटकीय गाउँ बन्दिपुरमा वातावरणलाई नोक्सान नगर्ने यी दुना-टपरीहरूले बजार पाउने ठहर भयो । आफ्नै गाउँमा पनि विवाह, ब्रतबन्ध, पूजा, पुराण तथा उत्सवमा यस्ता दुना-टपरीको धेरै माग हुने गरेकाले उत्पादन गर्नसके बेचविखनको कुनै समस्या नहुने ठानियो ।

मीनाका अनुसार, महिलाहरूले गाईवस्तु चराउन जाँदा वा घरमै फुर्सद्मा गफ गर्दै बस्दा पनि सजिलैसँग सालका पातलाई 'लोस्टा' (पात नसरून् भन्नका लागि मिलाएर राखी एक-दुईवटा सिन्काले अड्याइएको) बनाउन सक्छन् । त्यस्ता लोस्टा बनाउन दुना-टपरी बनाउनु जस्तो बढी मेहनत गर्नु पर्दैन । छिटै धेरैवटा लोस्टा बनाउन सकिन्छ । ती लोस्टा सामुदायिक वन उपभोक्ता समूहले खरिद गरेर मेसिनमा हाली दुना, टपरी वा खण्डे थालको आकारमा उत्पादन गरेर बिक्री गर्न सक्दछ ।

मीनाले यस्तो कुरा राखेपछि सामुदायिक वन उपभोक्ता समूहमा पनि कुरा भई समूहले उनकै संयोजकत्वमा दुना-टपरी उद्यम सञ्चालन उपसमिति गठन गऱ्यो । उपसमितिले छलफल गरी





हरियो वन कार्यक्रमको सहयोगमा हालसम्म १०५ घरधुरी सम्मिलित भइ छ वटा हरित उद्योग स्थापना र संचालन भएका छन् :

१. सिस्नुको धुलो

२. घिउकुमारी खेती

३. दुना टपरी

४. च्याउ खेती

५. बाँस रोपण

६. बेसार खेती ।

सिफारिश गरेको आधारमा यस्तो मेसिन उपलब्ध गराइदिन हरियो वन कार्यक्रममा अनुरोध गरियो । हरियो वन कार्यक्रमको सहयोगमा दुना, टपरी र खण्डे थालजस्ता प्लेट बनाउने यस्ता मेसिनहरु ल्याएपछि २०७० सालको माघ महिनादेखि परीक्षणको रूपमा मेसिनबाटै दुना-टपरी उत्पादन शुरु भयो ।

समूहले टपरी बनाउन मिल्ने खालका अलि ठूला लोस्टा एक रूपैयाँका दरले र दुनामात्र बनाउन मिल्ने साना लोस्टा २५ पैसाका दरले खरिद गर्न थाल्यो । यी लोस्टाबाट बनाइएका दुना एक रूपैयाँ पच्चीस पैसाका दरले, टपरी तीन रूपैयाँका दरले र खण्डे थाल जस्ता टपरी आकार हेरी चारदेखि पाँच रूपैयाँका दरले बिक्री पनि हुनथाल्यो । मेसिनले पनि दुईदेखि तीन मिनेटभित्रमा पाँचवटा दुना वा टपरी र चारवटा खण्डे थाल आकारका प्लेटहरु उत्पादन गर्नसक्ने देखियो ।


स्थानीय महिलाहरूले बताएअनुसार वनबाट दुईघण्टा जतिमा ३०० वटा लोस्टालाई पुग्ने पात टिप्न सकिन्छ । पातबाट लोस्टा बनाउँदा छिटै बनाउनेले तीन घण्टाजतिमा र ढिलो बनाउनेले चार घण्टा जतिमा ३०० वटा लोस्टा बनाउन सक्छन् । सुकमाया सूर्पाले फुर्सदको समयमा यस्ता लोस्टा बनाएर दुई-तीन महिनाकै अवधिमा करिब तीन हजार रूपैयाँ आम्दानी भइसकेको बताइन् । समूहले पनि सो अवधिमा करिब १५ हजार रूपैयाँको दुना-टपरी बिक्री गरेको मीनाले जनाइन् । सो समूहका लेखा अनुगमन समिति संयोजक भोला भट्टराईका अनुसार, "अहिलेको अवस्थामा उत्पादन गर्न सकिए बजार नपाइएला भनेर चिन्ता मान्नुपर्ने अवस्था छैन । बन्दिपुर बजारबाटै २०७१ सालको पुसभित्र १५ हजार दुना-टपरी उपलब्ध गराइदिन एउटै कम्पनीले अनुरोध गरिरहेको छ । अरुहरूले पनि माग गरिरहेका छन् ।"

सुकमायालाई विभिन्न ठाउँका वनमा आगो लागेको देखेर डर पनि लाग्दोरहेछ । उनले भनिन्, "हाम्रो वनका अध्यक्ष बीलबहादुर पनि सधैं वन जोगाउनु पर्छ भन्छन् । वन जोगाइएन भने त सानोतिनो हुर्रर बलेर जाने डढेलोले पनि सालका पातहरु त डढिहाल्छन् नि । पातमात्रै नोक्सान भयो भनेपनि हामीले कहाँबाट पैसा कमाउने ? त्यही भएर हामी सबै हाम्रो वन जोगाउन एकसाथ जुटेर लाग्ने गरेका छौं ।"

हरियो वन कार्यक्रमको सहयोगमा यस सामुदायिक वनमा जलवायु परिवर्तन अनुकूलन योजनाको निर्माण, वनमा जीवजन्तुलाई पानी खानसमेत मिल्नेगरी पोखरीको निर्माण, पानीका कुवाहरूको मर्मत-सम्भार, खानेपानी ट्याङ्कीको मर्मत, विपन्नहरूका लागि आयआर्जनमा सहयोग जस्ता अरु पनि धेरै क्षेत्रहरूमा काम भइरहेको उपभोक्ताहरूले बताए । प्रेमनाथ ढुङ्गानाले थपे, "अहिले त हाम्रो वनले प्रकृति संरक्षण, उद्यमशिलताको विकास र जीविकोपार्जनका क्षेत्रमा धेरै कामहरु गरिरहेको छ । हाम्रा कामहरूकै आधारमा हामी राष्ट्रिय स्तरकै वातावरण संरक्षण पुरस्कारका लागि पनि प्रतिस्पर्धा गरिरहेका छौं ।"








"हरियो वन नेपालको धन" भन्ने प्रचलित नेपाली उखानबाट प्रेरित भएर "हरियो वन कार्यक्रम" नामाकरण गरिएको हो । अमेरिकी विकास नियोग (युएसएड) द्वारा आर्थिक सहयोग प्रदान गरिएको यस कार्यक्रमको उद्देश्य जलवायु परिवर्तनका नकारात्मक प्रभावहरु र जैविक विविधतामा हुने जोखिमहरु न्यूनीकरण गर्नु, वनको संरक्षण र पुनरुत्थान गरी महिला, गरीब तथा वनमा आश्रित समुदायको जीवनयापनमा सघाउ पुऱ्याउनु तथा मानव र पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनबाट हुने प्रभावहरुसँग सामना गर्नसक्ने क्षमता वृद्धि गर्नु रहेको छ । यस उद्देश्य पुर्तिका लागि सरकार, समुदाय, नागरिक समाज र निजी क्षेत्रसँगको सहकार्य आवश्यक छ । यस कार्यक्रमले मानव र प्रकृति बिचको सम्बन्धलाई विशेष आधार बनाएको छ र दुवैको हितको लागि काम गर्दछ । यस कार्यक्रममा विशेषत ३ अन्तर्विषयक सम्भाग छन् - जैविक विविधता संरक्षण, रेड प्लस लगायतका पारिस्थितिकीय सेवा शुल्क भुक्तानी र जलवायु परिवर्तन अनुकूलन । यसका साथै यस कार्यक्रमले दिगो जीविकोपार्जन, सुशासन र लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता महत्वपूर्ण पक्षहरुलाई समेत समेटेको छ । हरियो वन कार्यक्रम डब्लुडब्लुएफ नेपालको प्रमुख साझेदारीमा केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषको सहकार्यमा कार्यान्वयन गरिएको छ ।

**डब्लुडब्लुएफ नेपाल**

पोस्ट बक्स नं ७६६०, बालुवाटार, काठमाडौं, नेपाल

फोनः ४४३४८२०, इमेलः hariyobanprogram@wwfnepal.org

वेबसाइटः www.wwfnepal.org